# अध्याय- एक
# परिचय

## १.१अध्ययनको पृष्ठभूमि

### १.१.१ द्वन्द्व को परिचय

द्वन्द्व मुल्य मान्यता, बुझाई, विश्वास र अवधारणामा रहेको मतभिन्नताका कारण सिर्जना हुने अवस्था हो । द्वन्द्व असहमति, क्रोध, गाली गलौज, मुद्धा मामिला, कुटपिट र युद्धको रुप लिएर समाजमा देखा पर्दछ । कुनै पनि समाजमा द्वन्द्व सिर्जना हुनुमा सामाजिक, सांस्कृतिक आर्थिक एवं राजनैतिक जस्ता विशिष्ट कारणहरु हुन्छन् । साधनहरुको असमान वितरण, दण्ड र न्यायको भेदभाव पूर्ण प्रयोग जातजाति, धर्मविचार, क्षेत्र, संस्कृति, लैगिंक एंव वर्गीय आधारमा राज्य एंव गैरराज्य पक्षवाट हुने भेदभावका कारणले समाजमा द्वन्द्व सिर्जना हुने गर्दछ ।

द्वन्द्वको प्रभाव सकारात्मक र नकारात्मक दुवै प्रकृतिका हुन्छन् । द्वन्द्वलाई उचित निकास नदिदा यसले हिंसा युद्ध वा सशस्त्र युद्ध जस्ता कुराहरुलाई निम्ताउँछ । सामान्यत द्वन्द्वका कारणहरु शक्ति, श्रोत र साधनको वाँडफाँड, राजनैतिक, धार्मिक, सांस्कृतिक आस्थाको विवाद, निश्चित वर्ग, समूह क्षेत्रको उन्मुक्ति, भौगोलिक सिमानाको विवाद,निरंकुशता, तानाशाहीको विरोध, शोषणमूलक संरचना एवं व्यवहारको अन्त्य, आधारभूत मानविय आवश्यकताएवं मानव अधिकारको परिपूर्ति जस्ता कुराहरु हुन सक्दछन् । द्वन्द्व जति लम्विदै वा बढदै जान्छ यसमा संलग्न पक्षहरुमा पनि विविधता देखा पर्न थाल्दछ ।

द्वन्द्वको चकलाई हेर्दा द्वन्द्वमा मुख्यतया : तीन वटा पक्षहरु रहेका हुन्छन् । जसमा प्रवृति वा दृष्टि व्यवहार र विरोधाभाष वा विवाद रहेका छन् यी पक्षहरुलाई सही ढंगले व्यवस्थापन वा रुपान्तरण गर्न नसकिएमा यसले कमश हिंसात्मक गतिविधिलाई वढ्वा दिन्छ । प्राय हिंसा नभई द्वन्द्व स्थापित हुन नसक्ने भएकोले द्वन्द्व र हिंसालाई एउटै सिक्काका दुई पाटाको रुपमा हेर्ने गरिन्छ ।

### १.१.२ सशस्त्र द्वन्द्वको परिचय

द्वन्द्वको स्वरुपको आधारमा सामान्य र गम्भीर गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । द्वन्द्वको परिणामले पार्ने क्षतिको आधारमा द्वन्द्वलाई सामान्य र हिंसात्मक द्वन्द्वको रुपमा विभाजन गर्न सकिन्छ । हिंसात्मक सशस्त्र द्वन्द्व सामान्य भन्दा गम्भिर प्रकृतिका हुन्छन् । यस्तो द्वन्द्वमा विवादित पक्ष सामान्य फरक मतवाट शुरु भई वादविवाद, हातहालाहाल र हिंसा हुदै सशस्त्र युद्ध सम्मका अवस्थामा पुग्दछन् । सशस्त्र द्वन्द्वमा दुवै द्वन्द्वरत पक्षहरु एक अर्कोलाई कमजोर वनाउन वा समाप्त

पार्नका लागि हातहतियारको प्रयोग गरि कुटपिट, अपहरण, हत्या, वेपत्ता लगायतका मानविय क्षतिका अलावा भौतिक वस्तुहरुमा क्षति पुर्‍याई त्रासदि पूर्ण वातावरणको सिर्जना गराउँछन् ।

द्वन्द्वको प्रारम्भिक चरणमा द्वन्द्वरत दुई पक्षका विचमा भिन्न मत देखिन शुरु हुन्छ । भिन्न मत वा विचारलाई समयमा नै व्यवस्थापन गर्न सकिएन भने त्यस पक्षवाट आपसमा वादविवादको अवस्था सिर्जना हुन्छ । एउटा पक्षले अर्को पक्षलाई कुटपिट गर्ने, काटमार गर्ने, व्यक्तिका मानव अधिकार माथि गम्भिर आघात पार्ने जस्ता कामहरु हुने गर्दछन । यस्तो अवस्थामा धनजनको व्यापक मात्रामा क्षति हुने गर्दछ ।

द्वन्द्वरत पक्ष वीच हिंसाले चरमरुप लिए पछि द्वन्द्वले गम्भिर रुप लिने गर्दछ । युद्धमा द्वन्द्वरत पक्षहरुले आफुलाई प्राप्त सवै किसिमका श्रोत र साधनको प्रयोग गरेका हुन्छन् । द्वन्द्वरत पक्षले सकेसम्म बढी आफ्ना शत्रु समूहका सैन्यवल वा हातहतियार समाप्त पार्ने र आफ्नो शक्तिलाई मजवुत पार्ने उद्देश्य राखेका हुन्छन् । युद्ध एउटा द्वन्द्वको अन्तिम र भयावह अवस्था हो । यसमा धेरै धनजनको क्षति भएको हुन्छ । युद्धवाट मुक्ति पाउनको लागि पहिलो खुड्किलो स्वरुप निसर्तः वा शसर्त एक वा दुवै पक्षले हतियार विसाउने निर्णय गर्दछन् । यस चरणलाई युद्ध विराम भन्न सकिन्छ । युद्ध विराम द्वन्द्वरत पक्षहरुका वीचमा भएको प्रारम्भिक सहमति हो । युद्ध विराम द्वन्द्वरत पक्षहरुको आ-आफ्नो घोषणावाट शुरु गरेका हुन्छन् । युद्ध विराम पछिको चरणमा पुग्न निकै प्रयत्न एवं गृहकार्य गर्नु पर्ने हुन्छ । द्वन्द्वरत पक्षहरु छलफल संवाद वा वार्ताको माध्यमवाट एक अर्कामा सर्त मानि युद्ध वा हिंसा रोक्न र ती सम्झौताहरुका उल्लेखित सर्तहरु पालनाको लागि आचारसंहिताको पनि निमार्ण गरिएको हुन्छ । द्वन्द्वका कारणले क्षतविक्षत भएका आर्थिक, सामाजिक, मनोवैज्ञानिक असरहरुलाई पुनस्थापना गर्ने काम यस पछिको चरणमा गरिन्छ । द्वन्द्वका कारण विस्थापित र द्वन्द्वरत पक्षहरुको पुनस्थापना पनि यसै चरणमा गर्ने गरिन्छ ।

द्वन्द्व रुपान्तरणको अन्तिम चरण मेलमिलापको क्षण हो । यस चरणमा द्वन्द्वरत पक्षहरु एक आपसमा भौतिक, सामाजिक, मनोवैज्ञानिक रुपले मिल्न पुग्दछन् । यस्तो पुनःमिलनको चरणमा आन्तरिक विवादहरुलाई सहज रुपमा मिलाउने प्रयास गरिन्छ । विरोधी पक्ष वीच मनोवैज्ञानिक, सास्कृतिक र सामाजिक रुपमा गहिरो र दरो सिर्जनात्मक पुनःमिलनले नै द्वन्द्व रुपान्तरण र शान्ति सिर्जनाको संभावना वनाउँछ ।

### १.१.३ महिला विरुद्ध हिंसाको परिचय

लैगिंक हिंसा शव्दावलीले लिगंको आधारमा हुने भेदभाव, वहिष्करण,असमानता एवं कसूरजन्य क्रियाकलाप हो । लैगिंक हिंसा पिडितका रुपमा महिला, पुरुष एवं तेस्रो लिगिं जो कोहि पनि रहन सक्दछन् तापनि नेपालको विद्यमान सामाजिक, सास्कृतिक संरचना, पितृसत्तात्मक सोच तथा कार्यशैली, स्रोत तथा साधनको  वितरणको अवस्था शक्ति तथा सम्पति माथि महिला वर्ग कमजोर पहूंच र सहभागिताले लैगिंक हिंसावाट सारभुत रुपमा (Substantively) महिलाहरु पिडित रहेको पाइन्छ । अतः नेपाली विशिष्ट परिस्थितिका सन्र्दभमा लैगिंक हिंसा मूलतः महिला विरुद्ध हिंसा नै हो भन्न सकिन्छ(नेपाल सरकार, २०६९) ।

विश्व आज आधुनिक एवम् वैज्ञानिक युग तर्फ लम्किरहेको समयमा हाम्रो नेपाली समाज भने वर्गवादी र परम्परावादी सोचमै जकडिएर रहेको छ । हाम्रो समाज एकातर्फ धनी र गरीव, हुने खाने ठालु र श्रमिक, पढेलेखेको कूलीन र अनपढ गँवार जस्ता बर्गीय चिन्तनबाट माथि उठ्न सकेको छैन भने अर्कोतर्फ धर्म, बर्ण, जात र लिङ्गका आधारमा परम्परादेखि हुँदै आएको भेदभाव बाट मुक्ति पाउन सकेको छैन । लिङ्गका आधारमा महिला र पुरुषका बिचमा हुने बिभेदले यी दुई एक अर्काका परिपुरक हुन भन्ने मान्यतालाई केवल भनाईमा मात्र सिमित गरी दिएको छ । नेपालको सन्दर्भमा कूल जनसंख्याको ५१ प्रतिशत हिस्सा महिलाहरुले ओगटेका(CBS, 2068)भए तापनि उनीहरु आफ्नो हक र अधिकार पाउनबाट बञ्चित भैराखेका पाइन्छन् भने कुनै न कुनै रुपमा सामाजिक वा पारिवारिक हिंसाबाट पीडित हुन्छन् ।

बोलीचालीको भाषामा हिंसा भन्नाले प्राणीहरुको ज्यान लिने वा काटमार गर्ने काम भन्ने बुझिन्छ ( ने.रा.प्र.प., २०६०) । साथै, अरुलाई कुनै किसिमबाट दुःख दिने, पीडा दिने, यातना दिने वा हानी पुऱ्याउने वा अपकार गर्ने कर्मलाई पनि हिंसा भनी बुझ्न सकिन्छ । (पहाडी, २०६६) । नेपाल बिकासको क्रममा पछाडी परेको देश भएका कारण नेपाली जनता सबैमा चेतनाको स्तर माथि उठ्न सकेको पाइँदैन । यस्तो अवस्थामा महिलाप्रतिको सामाजिक धारणा एवम् चिन्तनमा परिवर्तन नहुनुलाई स्वभाविक रुपमै लिन सकिन्छ । त्यसैले, महिला बिरुद्ध परम्परादेखि हुँदै आएको हिंसामा पनि कमी आउन सकेको छैन  ।

संयुक्त राष्ट्र संघीय साधारण सभाले २० डिसेम्बर १९९३ मा पारित गरेको महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र अनुसार“महिला विरुद्धको हिंसा” भन्नाले सार्वजनिक वा निजी

जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरीक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने संभाबना हुन्छ । यस्तो अवस्थामा महिलाले आफ्नो इच्छा बिपरितको कार्य गर्न धम्की, दवाव र स्वेच्छाचारी व्यवहारको सामना गर्नु पर्ने हुन्छ (नेपाल सरकार, २०६६) ।

## १.२ समस्याको कथन

शान्तिको अभावमा विकास र समृद्धि संभव हुदैन । विकास तथा समृद्धिका लागि नारी तथा पुरुषको साथ सहयोग र सहकार्य आवश्यक हुन्छ । नेपालमा परापूर्व कालदेखि नै महिलामाथि विभिन्न प्रकारका हिंसा र शोषण भई रहेको सन्दर्भमा विगतमाएक दशक लामो सशस्त्र द्वन्द्वले थप पिडित वनेका छन् । सशस्त्र द्वन्द्वका कारण एकातर्फ कयौं मानिसले ज्यान गुमाए, कतिपय वेपत्ता भए, व्यक्तिगत तथा सार्वजनिक सम्पतिको प्रशस्त क्षति भयो । अर्का तर्फसशस्त्र द्वन्द्वको प्रभाव महिला तथा वालवालिकाको सन्र्दभमा झन गहिरो गरी परेको छ । सशस्त्र द्वन्द्वका क्रममा महिलाहरु यौन हिंसाको शिकार वने, जर्वजस्ती लडाईको अस्त्रकारुपमा प्रयोग भए त्यसका साथै अन्यक्रियाकलापहरुमा पनि सहभागि हुनु परेका छन् । अत सशस्त्र द्वन्द्वको समयमा राज्य तथा विद्रोहि दुवै पक्षवाट महिलाहरु शोषित हुन पुगेका देखिन्छन ।

हरेक महिला महिला अधिकारका हकदार हुन् । अत महिला कल्याणको विषय, महिला अधिकारको विषय तथा महिला मानव अधिकारको विषय संसारभर साझा सरोकारको विषय वनेको छ । महिला अधिकारको सम्मान,संरक्षण,विकास मानव समुदायको जनुसुकै एकाईमा हुनुपर्दछ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य थालनी गर्नु र सफलतापूर्वक सम्पन्न गर्नका लागि केही उद्देश्यहरु निर्धारण गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको मुल उद्देश्य सशस्त्र द्वन्द्वकालमा महिलाहरुले भोग्नु परेका विपत्तिका घटना, हिंसाको प्रकृति, भोग्नु परेको यातना, अवस्थाको विश्लेषण, यौन जन्य हिंसावाट पिडित महिलाहरुमा देखा परेका सामाजिक असरहरु के कस्ता रहेका छन् भन्ने विषयमा अध्ययन गर्नु रहेको छ । उक्त उद्देश्य परिपूर्तिका लागि निम्न प्रश्नहरु तयार गरिएको छ ।

१. सशस्त्र द्वन्द्वको समयमा महिला माथि भएको हिंसाको अध्ययन गर्न,

२. सशस्त्र द्वन्द्वको समयमा महिलाहरु कुन पक्षवाट वढी प्रभावित भए, त्यसवारे अध्ययन गर्न,

३. सशस्त्र द्वन्द्वको समयमा यौनजन्य हिंसावाट प्रभावित महिलामाथि परेको सामाजिक असरहरु वारेमा अध्ययन गर्नु रहेको छ ।

### १.४अध्ययनको महत्व

हिंसालाई बिकास शान्ति र समानताको प्रमुख बाधक मानिन्छ । आजको समाज विगतको भन्दा पृथक र परिस्कृत भईसकेको छ तर हिंसामूक्त हुन सकेको छैन । बिकासको क्रममा समाज धेरै अगाडी पुगी सके पनि नेपाली समाजमा हुने महिला हिंसाका घटनामा कमी आउन सकेको छैन । महिलाहरुले पुरुष सरह सबै काममा सकृय भुमिका  निभाएका हुन्छन्, तर महिला माथि राज्य, सरकार, समाज र परिवारबाट केही न केही  रुपमा बिभेद भईरहेको छ । यस्तो अवस्थामा सरकारले महिलालाई आरक्षण दिनु भन्दा सशक्तीकरण गर्ने कार्यक्रमहरु अगाडी ल्याएको खण्डमा महिलाहरु घर, परिवार एवम् समाजबाट हुने हिंसाको सिकार हुने थिएनन् ।

वर्तमान नेपाली समाजको सामाजिक संरचना विस्तारै जटिल वन्दै गइरहेको छ । ५१ प्रतिशत भन्दा वढी हिंस्सा ओगटने महिलाहरुको सुरक्षा, न्याय र समानतालाई ध्यान नदिइ सामाजिक न्याय स्थापना गर्न सकिदैन । अधिकाश (५१.५ प्रतिशत) जनताले सुरक्षा र न्यायको अनुभुति गर्न नपाउँदा मूलुक शान्त, समृद्ध, दीगो विकासलेयुक्त वन्ने कुराको कल्पना सम्म गर्न सकिदैन । अतः आधा आकाश ओगटनेहरुको सुरक्षा र न्याय विना लोकतन्त्र र शान्तिसंवृद्धि सामाजिक अग्रगमन तथा सार्वभौम नेपालको चाहना पूर्ण हुन सक्दैन् ।

देशमा लोकतन्त्रको बहालीसंगै महिलाको सहभागिता अभिवृद्धि,राज्य संयन्त्रका हरेक तहमा, कार्यमा ३३ प्रतिशत महिला प्रतिनिधित्वको राजनैतिक संकल्पलाई वल तथा आधार प्रदान गर्न । विकास प्रवाह र शासकीय प्रणालीका सवै क्षेत्रमा मूलप्रवाहीकरण गर्दै सुदृढ वनाउन, महिला विरुद्धका हिंसा रोकथाम तथा नियन्त्रणका अभियानमा थप वल पुर्‍याउन, ग्रामीण सीमान्तकृत महिलाहरुको अवस्थाको बारेमा नीति निर्माण तहमा संचार गर्न, सेवामूलक र सशक्तिकरण कार्यक्रम संचालनका लागि उपयोगी हुन सक्ने देखिन्छ । संरक्षणात्मक, सेवामूलक तथा सशक्तिकरण कार्यक्रम संचालन गर्ने रणनीति तय गर्न, महिला विरुद्धका सबै हिंसा शोषण तथा विवेकको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार गर्न दवाव पुर्‍याउन, सामाजिक संरक्षण र सामुदायिक अग्रसरतालाई प्रोत्साहन गर्दै लैगिंक हिंसा सम्वोधन प्रणाली निर्माणमा सहयोग पुर्‍याउन सक्दछ ।

# अध्याय - दुई
# साहित्य समिक्षा

यस अध्ययनलाई छ भागमा विभाजित गरि पूर्व प्रकाशित साहित्यको समीक्षा गरिएको छ । पहिलो खण्ड अन्तरर्गत नेपालमा द्वन्द्व : अवधारणागत परिभाषा तथा प्रकारहरु बारेमा विश्लेषण गरिएको छ, दोस्रो खण्डमा नेपालमा माओवादी द्वन्द्वका बारेमा उल्लेख गरिएको छ र तेस्रो खण्डमा महिला विरुद्ध हुने हिंसा र माओवादी द्वन्द्वसम्बन्धमा कानुनमा उल्लेखित कुराहरु राखिएको छ, चौथो खण्डमा महिला विरुद्ध हुने हिंसासंग सम्वन्धित कानूनी समिक्षा गरिएको छ । पाँचौ खण्डमा महिला हिंसाको सैद्धान्तिक समीक्षाबारेमा विश्लेषण गरिएको छ भने छैठो खण्डमा विषयसँग सम्वन्धित वस्तुगत अध्ययनहरु गरिएको छ ।

**२.१ द्वन्द्व : अवधारणागत परिभाषा तथा प्रकारहरु**

द्वन्द्व व्यक्ति वा समूहहरुको वीचमा हुने सास्कृतिक सामाजिक राजनैतिक र आर्थिक दृष्टिकोण र वुझाईमा देखिने विभेदको कारणलेसिर्जित अवस्था हो । विशेषत द्वन्द्व मूल्य, मान्यता,विश्वास, वुझाई र अवधारणमा रहने भिन्नताका कारण उत्पन्न हुने मनोवज्ञैानिक अवस्था हो । यो असहमति, प्रतिकृया, क्रोध, रिसइवी, दुश्मनी,गाली, हिसां र युद्धको रुपमा समाजमा देखा पर्दछ ।द्वन्द्वले सामाजिक, आर्थिक, राजनैतिक सवै क्षेत्रमा असामान्य परिस्थिति सिर्जना गर्ने हुनाले एक अर्का वीचमा विश्वासको वातावरण रहदैंन, समाजमा विकृति, आक्रान्तता र अशान्ति देखापर्दछ । परिवार, समदुाय वीचमा असहयोग असामान्यजस्यता सिर्जना हुनुले विकास निर्माणले गति पाउन सक्ने अवस्था रहदैंन ।

समाजमा उत्पन्न हुने द्वन्द्वका अनेकनप्रकृति र स्वभाव हुने गर्दछन । द्वन्द्वको समयमासार्थक समाधान हुन नसक्दा त्यसले समाजकाअन्य अवयवमा प्रभाव पार्दछ । द्वन्द्व एकपरिस्थितिजन्य उपज पनि भएकोले यसकोवर्गीकरण देहाय बमोजिम गर्न सकिन्छ ।

क) वातावरणीय र प्राकृतिक श्रोतबाट उत्पन्न हुने द्वन्द्व :नवीकरणीय स्रोतको अभाव ,जनसख्यावृद्धिको दवाव,असमान वितरण प्रणाली,अल्पसख्यकको अधिकार जस्ता विषयहरुका कारण सृजित द्वन्द्वलाई यस समुहमा राखिन्छ ।

ख) राजनैतिक द्वन्द्व :वैचारिक द्वन्द्व , संरचनात्मक मुद्धा, शित युद्धराजनैतिक अस्थिरताले पनि द्वन्द्व सृजना गर्दछ ।

ग) आर्थिक सामाजिक द्वन्द्व :स्रोतको असमान वितरण,स्रोतको पहूचँको विषय,आर्थिक सामाजिक विकासात्मक कियाकलापमा समावेशीता,पूर्नवितरण अवधारणा,आर्थिक प्रजातन्त्रको विद्यमानताले हुने द्वन्द्वहरुयस समूहमा राखिन्छ ।

घ) धामिर्क र पृथकतावादी द्वन्द्व :सांस्कृतिक अधिकार, धार्मिक समूह द्वन्द्व, धर्मका वीचमा विभेदजस्ता कारणहरुबाट समाजमा सृजित द्वन्द्वहरु यस समुहमा राख्न सकिन्छ ।

ङ) संगठनभित्र देखिने द्वन्द्व : खेल सिद्धान्त, मनोवैज्ञानिक, संगठनात्मक व्यवहार, संचार शैली, पारदर्शिता जस्ता पक्षहरुका कारण संगठनमा द्वन्द्व देखिन्छ ।

च) आतंकवादसंग सम्बन्धित द्वन्द्व :केन्या, इण्डोनेशिया, अफगानिस्तान,पाकिस्तान, अमेरिकमा ट्रेड सेन्टरमाअलकायदाको आक्रमणबाट सृजित प्रकृतिका द्वन्द्वहरुलाई यसमा समावेश गर्न सकिन्छ ।

छ) विकाससंग सम्बन्धित द्वन्द्व :क्षेत्रीय असन्तुलन, गरिवी, भ्रष्टाचार,गरिवी वढदै जानु विकासमा पहचुँस्थापित नहुनु (एकनारायण अर्याल, २०६९) ।

## २.२ नेपालमा माओवादी द्वन्द्व

HURDEC, 2007 को प्रतिवेदन अनुसार,११ वर्षको सशस्त्र द्वन्द्वका कममा नेपालमा हजारौ संख्यामा मानिसहरु जवरजस्ती विस्थापित र हिंसावाट प्रभावित छन् । नेपालको संरचनागत सामाजिक असमानताका कारण महिला वालवालिका विशेषत वञ्चितिकरणमा परेका समुदाय वढी जोखिममा परेका हुन । महिलाहरु विषेश गरि घरवाट तिरस्कृत, परिवारवाट छुटिएका र सामुदायिक संरचना भन्दा वाहिर रहेकाहरुले वढी भन्दा वढी यौन हिंसाको पिडा भोग्नु परेको, प्राय जसो यौन व्यापारमा लगाइएको पाइन्छ वा आधारभूत आवश्यकता परिपूर्तिका लागि यौन व्यवसायमा लागेको देखिन्छ ।

यौन तथा लैगिंक हिंसा (Sexual Gender based violence) द्वन्द्वको हरेक चरणमा घटेकोछ । युद्ध हतियारको रुपमा वलत्कार प्रयोग गरेको पाइन्छ । अस्थिरता र मानवीय मृत्युका कारण पनि घरेलु हिंसाका कारणहरु वनेका छन् । महिला र वालवालिका वढी संवेदनशिल र जोखिममा पारिएको र विस्थापन तथा यौन शोषण वढी रहेको पाइएको छ । औसत ९० प्रतिशत युद्धका घटनाहरु सिभिल प्रकृतिका छन् । एक शताव्दी अगाडिसम्म यस्ता घटनाहरु ९० प्रतिशत युद्धको घटनामा सैनिकहरुको हुने गर्दथ्यो । सन् २००४ मा १०४० देखि १२०० सम्म महिला वलत्कारको घटनाहरु भएको प्रतिवेदन गरेका छन् । जसमा राजनैतिक अस्थिरता र सशस्त्र द्वन्द्वको घटनामा सम्वन्धित मिडिया रिपोटिङ्गमा १५ प्रतिशत घटना मृत्युका, ९ प्रतिशत घटना वलत्कारका, ६ प्रतिशत अत्याचार, १२ प्रतिशत विधवा र १ प्रतिशत गर्भवती रहेका थिए । प्रतिवेदनले थप ५७४

जना महिलाहरु थप प्रताडित वनेका थिए । त्यस्तै संचार माध्यमको प्रतिवेदन २००५ अनुसार २६ प्रतिशत महिलाहरु दोहोरो भिडन्तमा मारिएका थिए जस मध्ये १३ प्रतिशत राज्य पक्षवाट र ४३ प्रतिशत माओवादीवाट घटाइएका घटना रहेका थिए । त्यस्तै, सशस्त्र द्वन्द्वको समयमा भएका हिंसा सम्वन्धि घटनामा ८२ वटा वलत्कारका र ९३ वटा सामाजिक सांस्कृतिक विभेदका हिंसाजन्य घटनाहरु उल्लेख गरिएको छ । watch list on children and armed conflictप्रतिवेदनले १ लाख देखि २ लाख मानिसहरु आन्तरिक रुपमा विस्थापित भएका र सोमा ८० प्रतिशत हिस्सा महिला तथा वालवालिका रहेको उल्लेख छ ।राजनैतिक अस्थिरता र सशस्त्र द्वन्द्वले ५००० देखि १२००० हजारसम्म महिला तथा वालवालिका वेच विखनमा परेको उदाहरण प्रस्तुत गरेको छ । अनाथ वालवालिका तथा द्वन्द्वको कममा वावु आमासंग छुटिएका वालवालिकाहरु सडक वालवालिकाको रुपमा जोखिमयुक्त रुपमा वसोवास गरेका, जोखिमयुक्त काममा जवरजस्ती लगाइएका तथा व्यवसायिक रुपमा यौनकार्यमा जवरजस्ती लगाइएको जस्तो संवेदनशिल विषयलाई उल्लेख गरेको छ (HURDEC, 2007) .

चैतन्य मिश्र आफ्नो लेख कुन इतिहास, कुन माक्सवाद कुन कान्तिमालेख्नुहुन्छ, द्वन्द्वको समयमा लैगिंक हिंसा र महिला तथा वालिकाहरुको यातना चरम उत्र्कसमा रहेकोइतिहासका विभिन्न काल खण्डमा राजनैतिक द्वन्द्व भएको उल्लेख गरिएको छ । विशेष गरि २०६२/०६३ मा पनि सात पार्टी र माओवादी एकातिर रहे भने अर्कातिर सामान्तवादी चरित्रको राज्यसत्ता वीचको द्वन्द्व भयो । २०६२/०६३ आन्दोलन पछि फरक फरक किसिमका एजेण्डा भएका कारण सात राजनैतिक दलहरु माओवादी वीच द्वन्द्व, खिचातानी र असमझदारी भएको उल्लेख गरिएको छ । विशेष गरि राजनैतिक एजेण्डा, हतियार व्यवस्थापन, पुस्तान्तरण अन्तराल आदिको वीचमा द्वन्द्व रह्यो । साम्राज्यवादको नवउदारवादी वाटो मार्फत नेपाल छिरेका संस्था तथा दलहरु र कल्याणकारी प्रजातान्त्रिक भावना भएकाहरु वीच द्वन्द्व देखिएको छ । जनयुद्धको समयमा माओवादी र राज्यसत्तावीच द्वन्द्व भयो ।

ऐतिहासिक रुपान्तरण र द्वन्द्व राज्य तहमा मात्र केन्द्रित नभएर व्यक्ति, परिवार, समुदाय, वर्ग, जनजातियता, उमेर, लैगिंक समुहमा पनि देखा पर्‍यो(रातो झिल्को, २००९) ।

त्यसैगरी, माओमादी संघर्षका कारणहरुको निरुपण, भन्ने लेखमा चैतन्य मिश्र लेख्नुहुन्छ,जनयुद्धपश्चात राज्यमा ठुलो आर्थिक क्षति भयो । विस्थापन, हिंसा, अनिश्चितता त्यसैगरि हडताल, फिरौती, कर आदिका कारण कृषि उद्योग, सेवा क्षेत्रमा घाटा भयो । विकासका पूर्वाधारहरु भवन, पुल, टेलिफोन स्टेसन आदि भत्काइयो । सन् २००१/०२ मा जि.डि पि. वृद्धि नकारात्मक

रह्यो ।सन् २००१ पछि नेपाल कम्युनिष्ट पार्टी माओवादीको सैन्य वल (जनमुक्ति सेना) र राज्यको सैन्य शक्ति (शाही नेपाली सेना, सशस्त्र प्रहरीवल, नेपाल प्रहरी) का वीचमा भिडन्त भयो । धेरै निर्दोष युवा, वृद्ध, सर्वसाधरण मारिए घाइते भए साथै विस्थापित भए । १० औ हजार भन्दा वढी मारिए । राज्य पक्षवाट पनि तथाकथित जम्का भेट तथा युद्ध भयो भनी सर्वसाधरणको हत्या गरियो । हत्या, विष्फोटन, अपहरण, कर, जवरजस्ती, धम्की, डर, त्रास, तीव्र रुपमा वढे । विस्थापितहरुको अवस्था पनि जटिल र त्रासमय रह्यो ।

मिश्र लेख्छन् सन् १९९० को संविधानले नागरिक समानता तथा लैंगिक समताको घोषणा गरे पनि यस्तो समता र समानता कायम हुन सकेन । महिला उत्थान, शिक्षा रोजगारी लगायत विभिन्न समानता र स्वतन्त्रताका लागि पितृसत्ताको दमन र भेदभाव अन्त्य गर्न माओवादी संघर्षमा महिलाहरुले भाग लिए(फाइन प्रिन्ट, २००५) ।

## २.३ महिला विरुद्ध हुने हिंसार माओवादी द्वन्द्व

महिला भएको कारणवाट महिला माथि गरिने शारीरिक, मानसिक, सामाजिक तथा बौद्धिक शोषण, दमन, यातना र दुरव्यवहारहरुलाई महिला हिंसा भनिन्छ । अपराधशास्त्री माधब प्रसाद आर्चायका अनुसार "सामाजिक र राजनैतिक स्तरमा पुरुष द्धारा महिला वा महिला द्धारा महिला माथि पुर्‍याइने मानसिक आघात वा कार्य नै महिला विरुद्धको हिंसा हो ।" वेइजिङ घोषणापत्र तथा कार्य नीति १९९५ पारित प्रस्तावमा महिला विरुद्धको हिंसा भन्नाले निजी वा सार्वजनिक जीवनमा मानसिक वा शारिरीक रुपमा खतरा पुर्‍याइने खालका लिंगमा आधारित गतिविधिहरुलाई बुझ्नु पर्दछ । जस अनुसार परिवारमा हुने मानसिक, शारिरीक वा यौन हिंसाहरु वालिका वा गृहणीको यौन शोषण, दाइजोसंग संबन्धित हिंसा, बलात्कार, कुटपिट, यौन अंगमा चोटपटक लगाउने कार्य र कुनै पनि खालका हिंसा सम्वन्धी शोषण, समाज भित्र हुने शारिरीक, मानसिक र यौन हिंसाहरु (बलात्कार, यौन शोषण, महिला वेचविखन, बहुबिबाह जवर्जस्ती, व्यापारिक यौन व्यवहार) राज्यले निषेध गरेका कुनै पनि खालको शारीरिक, मानसिक यौन हिंसाहरु पर्दछन् ।

नेपालमा महिला माथि हुने हिंसाहरुको विभिन्न स्वरुपहरु छन् । जस अर्न्तगत सम्वन्ध विच्छेद,बहुबिवाह, बालबिवाह, दाइजो प्रथा, कुटपिट, गालिगलौज, अपहेलना, यातना, तिरस्कार, बोक्सीकोआरोप,जर्वजस्ती करणी, बैबाहिक करणी, विधवा प्रथा, घुम्टो प्रथा, छाउपडी प्रथा, देउकी प्रथा आदि हुन् (रोशन कुमार झा, मधेशबाणी) ।

नेपाल सरकारले विगतदेखि नै लैङ्गिक हिंसा र भेदभावको अन्त्य गरी समाजमा रहेका पिछडिएका र सीमान्तकृत वर्ग खासगरी महिलाहरूको सशक्तीकरण गर्दै समावेशी राज्य निर्माणको सवाललाई

प्राथमिकतामा राखी काम गर्दै आएको छ । तर पनि यस समस्याबाट नेपालले उन्मुक्ति पाउन सकेको छैन । नेपालमा योजनाबद्ध विकासको थालनी वि.स. २०१३ सालदेखि भए तापनि महिलाका मुद्धा सम्बन्धमा छैठौं पञ्चवर्षीय योजना (२०३७-२०४२) देखि योजनाबद्ध रूपमा महिलाहरूको अवस्थामा सुधार ल्याउने प्रयास शुरु भएको हो । छैठौं योजनामा शिक्षा, साक्षरता, स्वास्थ्य, परिवार नियोजन जस्ता कार्यक्रमहरूमा महिला सहभागिता बढाई उनीहरूको क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गर्दै हाल २०६७/०६८-२०६९/७० को लागि निर्माण भई कार्यान्वयनमा समेत आइसकेको त्रिवर्षीय योजनाले लैङ्गिक समानता र महिला सशक्तीकरणलाई जोड दिएको छ । साथै विश्वमा मानव अधिकारको क्षेत्रमा भइरहेको परिवर्तन, अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा राज्यले गरेको प्रतिबद्धता र देश विकासको मेरुदण्डको रूपमा रहेको तर लैङ्गिक विभेदको कारणले आफैं क्षमता विहीन अवस्थामा रहेका ५१ प्रतिशत महिला जनशक्तिको क्षमता विकास र राज्यको सबै अंगमा सार्थक सहभागिताको जरुरतलाई महसुस गरी देशमा लैङ्गिक समानता तथा महिला सशक्तीकरण कायम गर्न त्रिवर्षीय योजनाले महत्व दिइएको छ । त्रिवर्षीय योजनाले महिलाको मूलभूत तथा समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण, लैङ्गिक रूपले समावेशी र समतामूलक नयाँ नेपाल निर्माण गर्ने दीर्घकालीन सोचका साथ सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै दिगो शान्ति एवं विकासमा महिलाहरूको भूमिकालाई सशक्त बनाउने र महिला विरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने मूल दुई उद्देश्य छन् भने ती उद्देश्य पूरा गर्नका लागि विभिन्न रणनीति, नीति तथा कार्यनीतिका साथै लक्षित कार्यक्रम समेतको व्यवस्था गरेको छ (प्र.म तथा म.प २०६९/०७० - ०७३/०७४) ।

(वलराम आर्चाय, २०६८)कुनै पनि व्यक्ति वा समुहले अर्को व्यक्ति वा समुहलाई नियतवश मनोवैज्ञानिक तनाव सिर्जना गर्नु, गाली वेइज्जती र कुटपिट गर्नु, जिउ मास्ने वा वेच्ने कार्य गर्नु, सामाजिक, सांस्कृतिक तथा धार्मिक वहिस्कार गर्न वा भेदभाव गर्नु आदि सवै कार्यलाई हिंसा भनिन्छ भने लैगिंक विभेदका कारण महिला पुरुष विच रहेका भेदभावलाई वा त्यस्ता व्यवहारलाई लैगिंक हिंसा भनिन्छ ।संसारका सवै ठाउँमा हुने सवै प्रकृतिका हिंसाहरुमा पुरुषको तुलनामा महिलाहरु नै वढी प्रभावित भएका देखिन्छन । अझ पुरुष प्रधान समाजमा लैगिंक भेदभावका कारण हिंसाका केन्द्र महिला वनेका छन । मानौ कुनै समूदाय वा देश देश विच हुने युद्धमा समेत महिला हिंसाको पक्षलाई कम मान्न सकिदैन् अधिकांश हिंसाहरु यौन व्यवहार वा आकंक्षाका कारण हुने

गरेको देखिएको छ । जसको मुलकारण महिलाहरु यौनजन्य वस्तु हुन भन्ने मान्यताको मानसिकताको परिणाम हो ।

समाजमा परम्परा देखि चल्दै आएका वोक्सी प्रथा, वहुविवाह, देहव्यापारमा लगाइनु, जवरजस्ती करणी, कुटपिट र अंगभंग गर्नु, श्रम शोषण गर्नु, अवसरवाट वञ्चित गर्नु, सामाजिक वा पारिवारिक वहिष्कार गर्नु, आहार विहारमा भेदभाव गर्नु, मानसिक डर त्रास देखाउनु आदि सवै हिंसाहरु हुन । हाम्रो समाजमा हामीले देखिरहेका छौ की वोक्सी प्रथा, वादी प्रथा, कुमारी प्रथा, वालिका शिशुको हत्या गर्ने प्रचलन (विशेष गरि दाइजोको कारण भारतमा) ले सोझै महिला विरुद्धका हिंसालाई वढाएको छ । यस्ता कतिपय प्रथामा कुटपिट, गाली वेइज्जती, वहिष्कार, हत्या हुने गरेका छन भने कतिपय अवस्थामा यौन शोषणहुने गरेको पाइन्छ । यसै गरी पुरुषवाट हुने प्रजनन अधिकारको हनन् राज्यवाट हुने राजनैतिक अधिकारको वन्देज र विभेदकारी नियमलाई पनि हिंसा मान्न सकिन्छ (बलराम आर्चाय, २०६८) ।

Nepal Demographic Health Survey (2011)को प्रतिवेदन अनुसार १५ देखी ४९ वर्ष उमेर समूहका महिलाहरु मध्ये प्रत्येक तीन जनामा एकजना अर्थात ३४ प्रतिशत महिलाले शारीरिक यातना भोग्नु परेको देखिन्छ । सन् २०१० (एक वर्षको अवधि) मा शारीरिक यातना भोगेका नौ प्रतिशत महिला मध्ये दुई प्रतिशतले मात्र शारीरिक यातना पाएको भनी उजुरी गरेका थिए । ती नौ प्रतिशत महिला मध्ये २ प्रतिशतले शारीरिक यातना प्राय सधै भोग्नु पर्ने र बाँकि ७ प्रतिशतले कहिलेकाहीँ मात्र भोग्नु पर्ने कुरा उल्लेख गरिएको छ । एकल महिलाको तुलनामा विवाहित महिलाहरुले शारीरिक यातना बढी भोग्नु परेको देखिन्छ । त्यस्तै, शहरी क्षेत्रका महिलाको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुमा धेरै शारीरिक हिंसाका घटना घटेको पाइन्छ । ग्रामीण क्षेत्रका महिलामा ३५ प्रतिशत र शहरी क्षेत्रका महिलामा २९ प्रतिशत हिंसाका घटनाहरु देखिएका छन् । तराई क्षेत्रका महिलाहरुमा अन्य क्षेत्रका महिलाहरुको तुलनामा बढी शारीरिक हिंसाका घटना हुने गरेको देखिन्छ । शिक्षित महिलाको तुलनामा अशिक्षित महिलाहरु शारीरीक हिंसाबाट बढी प्रभावित भएको पाइन्छ । त्यस्तै ४० देखि ४९ वर्ष उमेर समुहका महिला र ५ अथवा त्यो भन्दा बढि जिवित सन्तान भएका महिलाहरु शारीरिक हिंसाले धैरै प्रभावित हुने गरेको पाईन्छ । अहिले विवाहित महिलाहरु अविवाहित महिलाहरु भन्दा आफ्नो श्रीमान् बाट पिडीत भएको पाईन्छ । त्यस्तै यौन हिंसाको तथ्यांकलाई केलाउने हो भने १५ देखि १९ वर्ष उमेर समूहका महिलामा ४.६ प्रतिशत, २० देखि २४ वर्ष उमेर समूहका महिलामा १०.९ प्रतिशत, २५ देखि २९ वर्ष उमेर समूहका महिलामा १४.२ प्रतिशत, ३०

देखि ३९ वर्ष उमेर समूहका महिलामा १७.३ प्रतिशत, तथा ४० देखि ४९ वर्ष उमेर समूहका महिलामा १६.१ प्रतिशतले यौनजन्य हिंसा भोग्नु परेको देखिन्छ (NDHS, 2011)

त्यस्तै, अन्बेषी२०१३ मा निकालेको रिर्पोट अनुसार महिलाविरुद्धको हिंसाको अवस्थालाई बलियो प्रमाण पेश गरी स्थानिय, राष्ट्रिय रअर्न्तराष्ट्रिय तहको समस्याहरु मध्येमा महिला हिंसालाई प्राथमिकता दिनुपर्नेमा जोड गरेको छ। यो प्रकाशनले जुलाई २०१२ देखी जुन २०१३ सम्म संकलन गरेको १७०३ मुद्धाहरुमा केन्द्रित रहेको छ । त्यसैगरी अरु संचार माध्यमले प्रकाशन गरेको ५८७ वटा मुद्धाहरुको बिश्लेषण गरेको छ । महिला विरुद्धको हिंसा रोक्ने र महिलाको सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी राष्ट्रले वेर्होनुपर्ने बेला आएको छ । महिलाको मानव अधिकार सुनिश्चित गर्ने र उनीहरुको लागि प्रभावकारी रुपमा न्याय सुनिश्चित गर्ने वर्तमान आवश्यकता हो । यस रिर्पोट अनुसार पाँच विकास क्षेत्रमा महिला हिंसाको स्थिति लाई हेर्दा उच्चतम प्रतिशत पुर्वाञ्चल विकासक्षेत्रमा ५८ प्रतिशत, मध्यमाञ्चल विकास क्षेत्रमा १५ प्रतिशत, मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा १२ प्रतिशत, सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा १० प्रतिशत, र पश्चिमाञ्चल विकास क्षेत्रमा ५ प्रतिशत रहेको पाईयो । त्यसैगरी सञ्चांर माध्यमको अनुसार १५४ (२६.६ प्रतिशत) महिला हिंसा पुर्वाञ्चलमा ६१ (१०.४ प्रतिशत), मध्यपश्चिमाञ्चलमा ९५ (१६.२ प्रतिशत), पश्चिमाञ्चलमा ३९ (६.६प्रतिशत), सुदूरपश्चिममा २२६ (३८.५ प्रतिशत), मध्यमाञ्चलमा र १२ (२ प्रतिशत) अज्ञात ठाँउबाट भएको पाइएको छ ।

त्यसै गरि महिलाविरुद्ध हुने हिंसाको प्रकार मध्ये सबै भन्दा बढि घरेलु हिंसामा ६१ प्रतिशत (१०४०) भएको पाइयो । यसरी हिंसा गर्नेमा ७९ प्रतिशत आफ्नो श्रीमान् र २१ प्रतिशत परिवारका अरु सदस्यहरु रहेका छन । घरेलु हिंसाले कुनै पनि उमेर समुहका महिलाहरुलाई छोडेको छैन । त्यसमा पनि २६ देखि ३५ बर्ष उमेर समुहका महिलाहरुमा ४० प्रतिशत हिंसा हुने गरेको छ । त्यसै गरी ८१ प्रतिशत घटनाहरु साक्षर महिलामाथि हुने गरेको र १९ प्रतिशत घटनाहरु निरक्षर महिलामाथि हुने गरेको पाइयो । साक्षर महिलाहरुले आफु माथि भएको हिंसालाई सहेर बस्दैन र निरक्षर महिलाहरुलाई आफुमाथि भएको हिंसा सम्बन्धि जानकारी नभएको कारणले गर्दा सहेर बस्दछन । घरेलु हिंसा पछि अक्सर हुने हिंसामा सामाजिक हिंसा पनि एक हो । कुल मुद्धाको १७ प्रतिशत(२९७) घटनाहरु सामाजिक हिंसा वर्गमा परे र यहि सामाजिक हिंसा पनि ७४ प्रतिशत छिमेकीबाट, १६ प्रतिशत परिवारका सदस्यबाट र १० प्रतिशत आपनो श्रीमान्‌बाट भएको पाइयो । महिला विरुद्धको हिंसामा ३ प्रतिशत (५२) यौनिक हिंसाका घटना रहेका थिए । ५८ प्रतिशत यौनिक हिंसा

साथी तथा नजिकका साथीबाट, १९ प्रतिशत छिमेकीबाट, १५ प्रतिशत अपरिचित व्यक्तिबाट, ८ प्रतिशत परिवारका सदस्यबाट भएको पाइयो । महिलाहरुले आफ्नो श्रीमान् र नजिकका साथीलाई विश्वास गर्ने भएकोले यौनिक हिंसाका शिकार हुन पुग्दछन । महिला विरुद्धहुने हिंसामा २९ वटा हत्याका घटनाहरु संकलन गरी विश्लेषण गरियो । त्यसैगरि २१ वटा हत्याका प्रयासहरु भएको पाइयो । ५४ प्रतिशत दोषिहरु श्रीमान्, २४ प्रतिशत परिवारका सदस्यहरु, १० प्रतिशत अज्ञात व्यक्ति र २ प्रतिशत अपरिचित व्यक्ति भएको पाइयो । परिवारका सदस्यहरुबाट नै अधिंकाश हत्या हुने गरेको पाईन्छ । त्यसैगरी ७ प्रतिशत महिला बेचबिखनका घटनाहरु श्रीमान्बाट भएको पाइयो ( अन्वेषी, २०१३) ।

बिगत केही बर्षदेखि हाम्रो देशमा महिला हिंसाको विरुद्धमा बिभिन्न खाले बहस तथा कार्यक्रम भई रहेका छन । त्यस्तै, महिला उत्थानका नाममा विभिन्न संघ संस्थाहरुको स्थापना हुने क्रम पनि बढ्दो छ । यी बिभिन्न प्रयासहरुका वावजूद पनि समाजमा हुने महिला हिंसाका घटनामा कुनै कमी आउन नसकेको आभाष पाइन्छ (आचार्य, २०६९) ।

त्यसैगरि, गंगालक्ष्मी भण्डारी आफ्नो शोधपत्र २००५ मा लेख्नुहुन्छ, यो द्वन्द्व माओवादीको जनविद्रोह भनि नामाकरण गरिएको थियो । जसमा पिछडिएका र उत्पिडित वर्गको स्वतन्त्रता, स्वाधिनता, सशक्तिकरणलाई प्राथमिकता दिने भनिएको थियो तर वास्तविकता द्वन्द्वले विपरित परिणाम स्वरुप पछिल्ला वर्षमा जब दाङमा सशस्त्र आक्रमण भयो र प्रतिकार स्वरुप गरिएको सैन्य कारवाहीका नतिजा निर्दयी र हिंस्रक वन्न पुग्यो । जसको प्रत्यक्ष असर महिलाहरुमा पर्न गयो । तत्कालिन समयमा महिलाहरुको निर्ममतापूर्वक हत्या गरियो । विधवा वनाइयो, तनावपूर्ण वनाइयो र गाँउ छाडन वाध्य वनाइयो । माओवादी विरुद्ध परिचालन गरिएको सैनिकहरु द्धारा पनि महिलाहरुलाई तनाव दिने, वलात्कार गर्ने, माओवादीलाई समर्थन गरेको भनि दोष लगाउने र परिवारको पुरुषलाई वेपत्ता वनाउने सम्मको काम भए । त्यस समयमा महिलाहरु माओवादीहरुको विद्रोह र सरकार पक्षको प्रतिकारको चक्रमा नराम्रोसंग फसेको देखिन्छ ।

माओवादी द्वन्द्वको मुख्य एजेण्डा वा आधार भनेको महिलाले भोग्दै आएको विभेद (लैगिंक विभेद) र पुरुषबादी सोचको अन्त्य गर्ने प्रतिवद्धता नै हो । माओवादीको माग पत्रमा उल्लेख भए अनुसारका राजनैतिक परिवर्तन पाउनका लागि संघर्ष थियो । जुन माओवादी द्वन्द्वको कारक पनि थियो ।

पेटिग्रु र स्नाइडम्यान (२००४) केही महत्वपूर्ण अध्ययन गरेर केही सुझावप्रस्तुत गरेका छन् । माओवादी द्वन्द्वको विषयमा गरिएको उनीहरुको समर्थन र आलोचना अनुसार माओवादी समर्थित संचारको माध्यमवाट भनिएका कुराहरुले तथ्यको आधार मान्न सकिदैन । माओवादीको पारित

संरचनामा महिलाको सहभागिता र पार्टीमा महिलाको भुमिकालाई हेरेर महिलालाई कुन प्राथमिकतामा राखेको छ निक्यौल गर्न सकिन्छ । वास्तवमा माओवादीको वर्ग संघर्षको नाराले महिला सशक्तिकरणको नारालाई ओझेलमा पारेको देखियो ।

महिलाको समर्थन : स्वभाविक वा वलपूर्वक, माओवादी संघर्षमा जनताको समर्थन स्वभाविक थियो भन्नेकुरा यसै भन्न सकिदैन । जुन क्षेत्रमा माओवादीको प्रभाव ज्यादा थियो, त्यहा जनता स्वतफूर्त रुपमा माओवादीमा प्रवेश गरेको जिकिर गर्दछन भने जहाँ माओवादीको पक्षवाट उत्पीडनमा परेका छन् शिक्षक, विद्यार्थी तथा सर्वसाधारणको हत्या गरिएको थियो , त्यहा बलपूर्वक माओवादीमा प्रवेश गर्न लगाइएको कुरा गरिन्छ (अभिव्यक्ति र यथार्थतामा महिला समानता, २००५) ।

## २.४ महिला विरुद्ध हुने हिंसासंग सम्वन्धित कानूनहरु :एक समिक्षा

संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै विश्वव्यापी रुपमा महिला विरुद्धका हिंसा उन्मूलन गर्ने घोषणा गरेको थियो । चीनको राजधानी वेइजिङमा आयोजित विश्व सम्मेलन १९९५ बाट पारित १२ बुँदा मध्ये महिला र हिंसा तथा महिला र गरिबी महिलासँग सरोकार राख्ने महत्वपूर्ण बुँदा रहेका थिए (आचार्य, २०६९) ।

नेपालको सन्दर्भमा, नेपालको संविधान, २०७३ ले नै महिलाको हकको व्यवस्था गरेको छ । उक्त संविधानको भाग ३ मा उल्लेख गरिएका बिभिन्न मौलिक हकहरु मध्ये धारा ४३ मा महिलाको हक अन्तरर्गत निम्नलिखित कुरा उल्लेख गरिएको छ । प्रत्येक महिलालाई लैगिंक भेदभाव विना समान वंशीय हक हुनेछ । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजन्न सम्वन्धी हक हुनेछ र लैगिंक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानून वोमजिम दण्डनीय हुनेछ ।

महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून वोमजिम दण्डनीय हुनेछ र पीडितलाई कानून वोमजिम क्षतिपूर्ति पाउने हक हुनेछ । राज्य संयन्त्रका सवै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ ।महिलालाई शिक्षा, स्वस्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विषेश अवसर प्राप्त गर्ने हक हुनेछ । सम्पति तथा पारिवारिक मामलामा दम्पतिको समान हक हुने छ ।

त्यसै गरि धारा ४७ मा सामाजिक न्यायको हक ५ मा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सवै जनआन्दोलन, सशस्त्र संघर्ष र कान्तीको कममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतान्त्रिक योद्धा,द्वन्द्व पीडित र विस्थापित, अपांगता

भएका व्यक्ति, घाईते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून वोमजिम प्राथमिकताका साथ अवसर प्राप्त गर्ने हक हुनेछ । (नेपाल कानुन किताव व्यवस्था समिति २०६३)घरेलु हिंसालाई बिभिन्न दस्तावेज एवम् लेखकहरुले परिभाषित गरेका छन् । नेपालको सन्दर्भमा ऐनमा गरिएको परिभाषालाई बढी आधिकारिक मानिन्छ नेपाल सरकार (२०६६) अनुसार "घरेलु हिंसा" भन्नाले कुनै पनि ब्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै ब्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसा भित्र गालि गर्ने तथा भावनात्मक चोट पुर्‍याउने कार्य समेत पर्दछ । यो ऐनले घरेलु हिंसा वा त्यससंग सम्बन्ध राख्ने सबै किसिमका कार्य गर्न रोक लगाएको छ । यदि कसैले त्यस्तो कार्य गरेमा कसुर मानिने र सजाय हुने ब्यवस्था समेत ऐनमा गरिएको छ । यस ऐन बमोजिम घरेलु हिंसाका प्रकार निम्नानुसार छन् ।

क) शारीरिक यातना

ख) मानसिक यातना

ग) यौनजन्य यातना

घ) आर्थिक यातना

महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्र संघीय समिति (CEDAW) को सिफारिस नं १९ले घरेलु हिंसालाई महिला विरुद्ध हुने हिंसाको सवैभन्दा पुरानो रुप मानेको छ । घरेलु हिंसा सबै किसिमको समाजमा प्रचलित छ । घरेलु हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको हुन्छ र सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको हुन्छ भनेको छ (नेपाल सरकार, २०६६) ।

## २.५महिला हिंसाको सैद्धान्तिक समीक्षा

केही अपवादलाई छाड्ने हो भने नेपाली समाज पितृसत्तात्मक छ । पितृसत्तात्मक समाजमा महिलाको भन्दा पुरुषको भूमिका उच्च हुने गर्दछ । पितृसत्तात्मक समाजमा पुरुषले निम्न कुराहरु नियन्त्रण गर्दछन्:

महिलाको प्रजननशक्ति

महिलाको गतिशीलता

सम्पति तथा आर्थिक स्रोत

महिलाको यौनिकता

महिला श्रमशक्तिको उपयोग(Kamal Bhasin, 1993) ।

हिन्दू समाजमा महिला र पुरुषको विचमा संस्कारगत असमानता हुने गर्दछ । काठमाण्डौ नजिक रहेको नारिकोट गाउँमा उच्च जातका हिन्दू महिला र पुरुष विच रहेको फरकपना बिषयमा गरिएको एक अध्ययनको नतिजाले यस कुरालाई स्पष्ट पारेको छ । खास गरी त्यहाँ महिलाको हैसियतलाई द्वैध रुपमा हेरिएको छ । यी दुई रुप filiafocal model / patrifocal model हुन् । filiafocal model मा महिलाको हैसियत उच्च हुन्छ । छोरी, वहिनी, दिदी जस्ता नाता सम्बन्ध यसमा पर्दछन् । यस्तो नाता सम्बन्ध पर्ने महिलालाई सबै नातेदारले पवित्र मानी पूज्ने गर्दछन् । patrifocal model मा महिलाको हैसियत तल्लो स्तरको हुन्छ । पत्नी, बुहारी जस्ता नाता सम्बन्ध यसमा पर्दछन् र यस्तो नाता सम्बन्ध पर्ने महिलालाई पुरुषको सहयोगीको रुपमा हेरिन्छ(Bennet, 1983)।

हिन्दू समाज पितृसत्तात्मक भएकोले यस्तो समाजमा रहेका संस्था एवम् संस्कारहरुमा महिलाको भन्दा पुरुषको स्थान उच्च हुन्छ । यस्तो अवस्थामा महिलाहरु प्रत्येक तहमा शोषित हुन्छन् । पुरुषको नियन्त्रणमा रहनुपर्ने, महिलालाई विभिन्न तहमा अशुद्ध देखाउने जस्ता कुराहरुलाई हिन्दू धर्मले मान्यता दिएको छ ।यसले महिला र पुरुष विचमा रहेको फरकपन र उच्च ब्राह्मण, क्षेत्री जातका महिलाको स्थिति दोश्रो दर्जामा रहनुका कारण तथा विवाहित र अविवाहित महिलाको अवस्थालाई स्पष्ट रुपमा उल्लेख  गरेकीछिन् (Bennet,1983)।

Radical feministसिद्धान्तमा महिलाविरुद्ध हुने हिंसा र पितृसतात्मक संरचनाका विचमा सम्बन्ध देखाइएको छ । यस सिद्धान्तले महिलाविरुद्ध हुने  हिंसाको कारण पितृसत्तात्मक संरचना र दर्शन हो एवम् परिवार महिला दमनको केन्द्रविन्दु हो भन्ने मान्यता राख्छ । त्यसैले, यस सिद्धान्तमा नारी चेतनालाई अगाडी बढाउन महिलाविरुद्धको हिंसालाई रोक्नु पर्दछ र महिला स्वयम्ले आफ्नो यौनिकता नियन्त्रण गर्न पाउनु पर्दछ भन्ने कुरामा जोड दिइन्छ (आचार्य, २०६९) ।

### २.६ अन्य वस्तुगत अध्ययनहरु

सशस्त्र द्वन्द्वको समयमा भएका महिला हिंसाको अध्ययन त्यति धेरै भएको पाइदैन । शान्ति, विकास,द्वन्द्वका विषयमा भने प्रशस्त कलम चलेको छ।मुलुकद्वन्द्वोत्तर संक्रमणकालवाट गुज्रिरहेको छ । दीगो शान्ति र सुरक्षाको प्रवर्द्धनका लागि महिला सहभागिता र संलग्नतालाई सवलिकृत गर्ने सन्र्दभमा UNSCRs १३२५ र १८२० कार्यान्वयनमा सरकार प्रतिवद्ध रहेको छ । विशेषत : शान्ति प्रकृयामा महिला सहभागिता तथा द्वन्द्ववाट प्रभावित महिला तथा वालवालिकाहरुको हितलाई संवोधन गर्न नेपालले कार्ययोजना निर्माण गरेको छ ।

दश वर्ष सम्म चलेको सशस्त्र द्वन्द्वको अवधिमा नेपालमा ठूलो संख्यामा मानविय क्षति हुनुका साथै कतिपय नागरिकहरु वेपत्ता समेत पारिए । सरकारी एवं नीजि सम्पतिको नोक्सानीका साथै भौतिक पूर्वाधारहरुको व्यापक क्षति हुन पुग्यो । सशस्त्र द्वन्द्वका कारण समाजमा अनाथ, एकलमहिला, घाइते, अपागंता भएका नागरिकको संख्यामा वृद्धि  भयो । (शान्ति तथा पुननिर्माण मन्त्रालय, २०६७ राष्ट्रिय कार्ययोजना)लैगिंक सशक्तिकरण समन्वय इकाई, प्रधानमन्त्री तथा मन्त्रि परिषद कार्यालयमा हेलो सरकारमा टेलिफोन तथा लिखित गरी आ.व. २०६८/०६९ मा १०३ उजुरी प्राप्त भएको देखिन्छ । जसमाघरेलु हिसां ३४, वहुविवाह१७,वलात्कारका ७, हत्याका ७,यौनजन्य हिसांका ७, वेपत्ता ५,वोक्सीको आरोपमा ३,दाइजोको नाममा यातना ३,लैगिंक  भेदभाव विरुद्ध २,वेचविखनको १, अन्य ६ वटा उजुरी परेको छ(प्र.म. तथा म.प. कार्यालय २०६९) ।

प्र.म तथा म.प (२०१२) का अनुसारमहिला विरुद्धका हिंसा सवै समूहमा सवै प्रकारको उमेर समूहमा घटेको पाइन्छ । लिङ्ग पहिचानको आधारमा गर्भ देखिनै शुरु भएको यस्तो हिंसा वुढौली ( वृद्ध अवस्था) सम्म हुने गर्दछ । केही प्रकृतिका महिलाहरु खासगरि यौन हिंसा तथा घरेलु हिंसा सवै सांस्कृति समूदायमा व्याप्त छ । महिला हिंसाका घटनालाई उल्लेख गर्दादाइजोको नाममा गरिने हत्या, छाउपडी, झुमा जस्ता घटनाहरु केही विशेष समूदायमा रहेको छ । महिला हिंसाका केहि केहि प्रकृतिहरु सदियौ देखि व्याप्त छन् भने केहि खालका घटनाहरु समयक्रमसगै विकसित भएका पनि पाइन्छन् । नेपालको सन्र्दभमा घटनाको मुख्य कारणहरुमा संरचनागत तत्वहरु छन् । आर्थिक रुपमा पिता, दाजुभाई, पति तथा छोरा माथिको आर्थिक निर्भरता छ । कानूनी रुपमा संस्थागत संरचनाको अभावमा महिला स्वतन्त्रतामा वाधक छन् । उदाहरणको लागि नेपालको नागरिकतामा कानूनले महिलालाई स्वतन्त्र व्यक्तिको रुपमा पहिचान गर्दैन । यस्तो विभेदकारी व्यवस्थाले महिलाको संवेदनशिलता र जोखिमलाई वढाई दिएको छ । महिलाले भोगेका निजि तथा सामाजिक जीवनका विभेदहरु यिनै असन्तुलित शक्ति सम्वन्धका कारणले हो । यस अध्ययनले महिला विरुद्धको हिंसा ( VAW) लाई लैगिंक हिंसा (GBV) को एउटा हिंसाको रुपमा राख्दै संयुक्त राष्ट्र संघको परिभाषा वोमजिम कानूनी रुपमा दोस्रो दर्जा, आर्थिक परनिर्भरता, सांस्कृतिक मुल्य मान्यता, पुरुषको तुलनामा तल्लोस्तरको सामाजिक जीवन जस्ता तत्वलाई स्वीकार गरेको छ ।

अध्ययनको निष्कर्ष अनुसार झण्डै ६२ प्रतिशत महिलाहरु लैगिंक हिंसाको कानूनी उपचारका उपायहरुको वारेमा जानकार छैनन् । ९०० जना महिलामा ८१ जना(९ प्रतिशत) लाई वैवाहिक वलत्कारलाई गैरकानूनी हो भन्ने कुरा थाहा नभएको र केवल ११७ जना ( १३ प्रतिशत) लाई घरेलु

हिंसाको कानुनका वारेमा थाहा भएको पाइयो । केवल एक चौथाई महिलाहरुलाई लैगिक हिंसाको सेवाका वारेमाजानकारी रहेको र प्राय जसोलाई सेवाका किसिमका वारेमा जानकारी नरहेको पाइयो । अति न्युन संख्यामा ५१जना (५.६ प्रतिशत) महिलालाई मात्रै सेफ हाउसका वारेमा थाहा भएको त्यतिकै संख्यामा जि.वि.स. मा लैगिंक हिंसा सम्वन्धि डेस्क भएको जानकारी रहेको छ । आफ्नो जीवनकालमा झण्डै आधा जसो महिला ४३२ जना (४८ प्रतिशत) ले हिंसा भएको तथ्य सुनाउछन् । त्यस्तै विगत १२ महिनामा २८ प्रतिशत महिलाहरु यस्ता किसिमका दुरव्यवहार भोगेका छन् । भावनात्मक हिंसाको हिस्सा ४०.४ प्रतिशत, भौतिक हिंसा २६.८ प्रतिशत र यौनजन्य हिंसा १५.३ प्रतिशत र आर्थिक दुरव्यवहारको हिंसाको हिस्सा ८ प्रतिशत रहेको छ । सामाजिक वञ्चितिकरणमा स्वास्थ सेवा नपाएका ११ प्रतिशत र पूजा गर्न रोक लगाएका व्यक्तिको सख्या ८ प्रतिशत रहेको तथ्य छ । हिंसाको घटनाको नकारात्मक प्रभाव पनि डरलाग्दो छ । मनोवैज्ञानिक रुपमा डर, त्रास, डिप्रेशन, आत्महत्याका घटनाहरु उल्लेख्य रहेका छन् । प्रत्येक २५ जना हिंसा पिडितले आत्महत्या गरेको तथ्य छ । त्यस्तै प्रजनन स्वास्थमा असर, यौनजन्य सरुवा रोग र अन्य भौतिक क्षतिका घटना समेत उजागर भएका छन । ठूलो सख्यामा मानिसहरु श्रीमतीलाई कुटने कार्यलाइ सामान्य रुपमा लिने गरेको पाइयो । यस्ता घटनाहरु कामको असन्तुष्टिमा ८३७ जना (९३ प्रतिशत), यौन सम्पर्कका लागि अस्वीकार गर्दा ८५५ जना (९५ प्रतिशत) र श्रीमानको अन्यत्रकेटीसंगको सम्वन्ध सोधपुछमा ८५५ जना (९५ प्रतिशत)श्रीमानप्रतिकोअनास्था र परपुरुषसंगको सम्वन्ध हुदा ७२९ जना (८१ प्रतिशत) रहेको तथ्यांक प्रस्तुत गरेको छ । ५४९ जना (६१ प्रतिशत) हिंसाका घटनाहरु पिडितले कसैलाई सुनाउदैनन् (प्र.म.म.प, २०१२) ।

HimRights(२०१२)को प्रतिवेदन अनुसार,सामाजिक रुपमा लैगिंक हिंसाको वाक्लो उपस्थिति हुदा हुदै पनि यसको स्तर, गहनता, अवस्थितिका वारेमा यथार्थ जानकारीको अभाव रहेको छ । यौन हिंसाको स्वरुप ज्यादै डरलाग्दो र उच्च पिडादायी देखिएको छ । झण्डै १० प्रतिशत किशोरीहरु यौन हिंसाको शिकार भएको, यौन हिंसा केवल वलात्कार तथा वलात्कारकोप्रयासलाई मात्रै वुझ्ने जनसंख्या ६४ प्रतिशत रहेको र यौन हिंसाका अन्य विषय वस्तुका विषयमा खासै जानकारी नभएको पाइएको छ ।(अनिच्छित यौन सम्वन्ध, यौन दुव्यवहार, जवरजस्ती विवाह, जवरजस्ती वेश्यावृतिमा लगाउने,मानव वेचविखन जस्ता विषय)प्राय जसो यौन हिंसाका घटनाको कानूनी तथा औपचारिक प्रतिवेदन हुने गरेको देखिएन साथै ६६ प्रतिशत घटनामा पिडितले परिवारमासम्मभन्ने

गरेको देखिन्छ भने अर्को डरलाग्दो विषयका रुपमा साथीहरु,नजिकका नातेदारहरु तथा शिक्षकहरुवाटै सवै भन्दा वढी यौनजन्य हिंसाका घटना घटने गरेको तथ्य उजागर गरेको छ ।

यौनजन्य हिंसाका घटनाहरुमा अझै २३ प्रतिशत केटीहरु अरुसंग वताउन चहादैनन्, ३८ प्रतिशतले आफन्तसंग र ३५ प्रतिशत केटीहरुले आफ्ना साथीहरुसंग वताउने गरेको उल्लेख छ । अत्यन्तै आफ्ना नजिकका नातेदारहरु मध्ये पुरुष साथीहरुवाट २३ प्रतिशत, विद्यालयका शिक्षकवाट १६ प्रतिशत र अन्य नातेदारहरुवाट ८ प्रतिशत घटनाहरु हुने गरेको तथ्यलाई उल्लेख गरिएको छ । संस्थागत रुपमा विद्यालय यौन हिंसाका उपयुक्त स्थान देखिएको एक तृतीयांस केटीहरुले यौन हिंसाका घटना विद्यालयमा हुने कुरा पुष्टि गरेका छन् । यो तथ्यले विद्यालय जाने उमेरका किशोरीहरु वढी जोखिममा रहेको तथ्य उजागर गर्दछ । वलात्कार तथा यौनजन्य हिंसाका घटनामा ५३ प्रतिशत विद्यालय जाने विद्यार्थी छन् भने विद्यालय नजाने महिलाहरु ३६ प्रतिशत मात्रै देखिएको छ । अध्ययनले यसका लागि केहि सुझाव समेत पेश गरेको छ ।

किशोरीहरुमा यौन हिंसाको घटना ज्यादा हुने भएको हुदा नीति निर्माणको क्रममा किशोरीहरुको जोखिम घटाउने विषयलाई ध्यान दिनु पर्दछ ।

यौन हिंसाका घटनाहरु निरुत्साहित गर्न वृहत जनचेतनाका कार्यक्रमहरु संचालन गर्नु पर्दछ । एफम रेडियो तथा मोवाइलको प्रयोग उपयुक्त हुन सक्दछ ।

विद्यालयहरु यौन हिंसाको उच्च जोखिमयुक्त स्थान रहेको सन्दर्भमा शैक्षिक संस्थाहरुको सुधारको आवश्यकता पर्दछ । विद्यालयको पाठ्यक्रममा सुधार गरि यौन हिंसाका घटना यसको प्रकृति र सुरक्षित हुने उपायका विषयवस्तु समावेश गर्नु पर्दछ । घटना घटेमा उजुरी गर्ने स्थान, निकाय, तथा कानुनि प्रकृयाहरुलाई समावेश गर्न उपयुक्त देखिन्छ ।

सामाजिक प्रतिष्ठा गुम्ने डरले उजुरी निम्न हुने गरेको हुदा अपराध अनुसन्धान तथा न्यायिक सुनुवाईको क्रममा गोप्यतालाई विशेष ध्यान दिनु पर्दछ HimRights ( 2012).

The Asia Foundation, (2010) ले निकालेको प्रतिवेदन अनुसार,विश्वव्यापिरुपमा १९ देखि ४४ वर्षका महिलाहरुको मृत्युको कारण युद्ध,क्यान्सर वा कार दुर्घटना भन्दा यौनजन्य हिंसा मुख्य रहेको छ । एशियामा ४० देखि ७० प्रतिशतसम्म महिलाले भौतिक, यौनिक वा भावनात्मक दुरव्यवहारको प्रतिवेदन गरेका छन । जसमा आधा जसो घरभित्रैको हिंसाको हिस्सा रहेको हुन्छ । जसले आधारभूत

मानव अधिकार र मानविय सुरक्षा Gender based violence संसारको एउटा ठुलो चुनैतिको रुपमा रहेको छ ।

घरेलु हिंसा प्राथमिक सार्वजनिक नीतिको विषयको रुपमा अनुभव गरिएको छ ।सुर्खेत तथा दाङमा गरिएको अध्ययन अनुसार ८१ प्रतिशत महिलाले वारम्वार घरेलु हिंसा वेहोरी रहेका छन् । यसले नेपालमा उच्च स्तरमा घरेलु हिंसा भएको तथ्यलाई स्पष्ट रुपमा उजागर गरेको छ ।नेपाली महिला तथा वालवालिका घरेलु हिंसा तथा सामाजिक हिंसा दुवैका शिकार वनेका छन् । घरेलु हिंसाको रुपमा टोक्ने, थप्पड हान्ने, कपाल तान्ने, जलाउने, लाठिले हान्ने,छुरि हान्ने जस्ता विविध प्रकृतिका छन् भने मानसिक यातनाका रुपमा पति तथा नातेदारहरुवाट धम्की, गाली, तिरस्कार आदि रहेका छन् । यसमा उमेर नपुगी गरिने वालविवाह, दाइजोसंग सम्वन्धित हिंसा घर परिवारवाट हुने यौन दुरव्यवहार,वैवाहिक वलत्कार समेत रहेका छन् ।

कानूनी रुपमा विवाहको उमेर तय भैसकेको अवस्थामा समेत अझै पनि जवरजस्ती विवाह र वालविवाह कायमै छ । सार्वजनिक क्षेत्रमा हुने हिंसाहरुमा वलत्कार, कार्यस्थलमा हुने यौन दुरव्यवहार, महिला तथा वालवालिकाको वेचविखन, रुढीवादी परम्परागत व्यवहार (दाइजो, देउकी, छाउपडी र वोक्सीको आरोप) रहेका छन् । ५ वर्ष मुनिका वालिकाहरुको मर्ने दर वालकहरुको भन्दा डेढ गुणा वढी रहेको छ भने कुपोषणको अवस्था दोव्वर रहेको छ । ४३ प्रतिशत महिलाहरुले कार्यस्थलमा यौन हिंसा व्यहोरेका छन् । १२००० को संख्यामा १० देखि २० वर्ष उमेर समुहका केटीहरु प्रत्येक वर्ष वेचिएका छन् । यस मध्ये अधिकांश जवरजस्ती वेश्यावृतिमा लगाइएको पाइन्छ । नेपालमा महिलाले भोगेको चुनौति वास्तवमै निकृष्ट प्रकृतिको छ । विशेषगरि विधवा र सिमान्तकृत समूहका महिला विभेद रहेको र भौतिक , यौनिक तथा मनोवैज्ञानिक दुरव्यवहार वढी रहेको छ (The Asia Foundation 2010) ।

WHO, (2005)ले निकालेको प्रतिवेदन अनुसार,महिला विरुद्धको हिंसा Universal Phenomenan हो । यो संसारको सवै मुलुकमा व्याप्त छ । घरेलु हिंसा केही देशहरुमा सामान्यरुपमा लिने प्रचलन समेत पाइन्छ । भियनाको मानव अधिकार सम्वन्धी सन् १९९३ को विश्व सम्मेलनको घोषणा, त्यसै वर्ष declenation on the elimination of violence against women पश्चात नागरिक समाज तथा सरकारले महिला माथिको हिंसालाई सार्वजनिक नीतिको र मानव अधिकारको महत्वपूर्ण पक्षको रुपमा acknowledge गरेको हो।जहाँसम्म अन्तराष्ट्रिय माप दण्ड निर्माणको कार्यसंग सम्वन्धित कार्यान्वयनकोअनुगमनका लागि magnitude of violence against women

(महिला विरुद्ध हिंसाको गहिराइ) र भरपर्दो तथा तुलनात्मक तथ्यांकको निर्माण गर्न अत्यन्तै जटिल कार्य वन्न पुगेको छ ।

१० देशका १५ शहरहरुका २४००० भन्दा वढी महिलाहरुमा गरीएको अध्ययन तथा सर्वेक्षण ( वंगलादेश, व्राजिल, इथियोपिया, जापान, नामीविया, पेरु, समोआ, सर्विया, मोन्टेनिग्रोर थाइल्याण्ड ) अझै सम्म पनि धेरै जसो सरकार तथा नीति निर्माताहरु महिला हिंसा विशेष गरी पति तथा नजिकका साथीहरुवाट हुने हिंसालाई सामान्य रुपमा लिने गरेको पाइएको छ तापनि सन् १९९० देखि महिलावादी संगठनहरु विशेषज्ञ तथा प्रतिवद्ध सरकारहरुले नतिजा स्वरुप यसलाई गम्भिर मानव अधिकार तथा जनस्वास्थको विषयका रुपमा लिनभने थालिएको छ ।

अन्तराष्ट्रिय अनुसन्धानले संकेत गरेको छ ३५ वटा देशको सन् १९९९ मा गरिएको अनुसन्धानको समिक्षा गर्दा १० देखि ५२ प्रतिशत महिला नजिकका आफन्तवाट भौतिक रुपमा दुरव्यवहारमा परेका थिए । त्यस्तै १० देखि ३०प्रतिशत महिला यौन हिंसाको शिकार भएका तथा १० देखि २७ प्रतिशत महिला भने वाल्यकालमा वा वयस्क भएपछि पनि यौन दुरव्यवहारमा परेका थिए तर यसमा विकासशिल देशको तथ्यांक नपाइएकोले तुलना गर्न नसकिएको व्यहोरा उल्लेख छ ।

स्न १९९५ मा भएको संयुक्त राष्ट सघंको चौथो विश्व सम्मेलनले Violence Against Women as one of the critical area of concern needing action सम्मेलनले तुरुन्तै कार्य गरिहाल्नु पर्ने विषयका रुपमा उठान गरेको थियो । भौतिक तथा यौन हिंसाको अवस्था देशगत रुपमा विविधता देखिएको छ । आफ्नो पतिवाट भौतिक हिंसा भोग्ने महिलाहरुको प्रतिशत जापानमा १३ प्रतिशत देखिएको थियो भने यो प्रतिशत पेरुमा ६१ प्रतिशत, इथियोपियामा ५९ प्रतिशत त्यस्तै यौनहिंसा सवै भन्दा कम ६ प्रतिशत जापानमा पाइयो । अध्ययनले महिला हिंसा हुनुमा मुख्यत तीनवटा तत्व रहेको उल्लेख गरेको छ । ( व्यक्तिगत, पति तथा साथी र सामाजिक तत्व ) व्यक्तिगत तत्वमा महिलाको शैक्षिक अवस्था, वित्तिय स्वायत्तता, पहिला पनि पिडित रहेको अवस्था, सामाजिक सहयोग तथा आफू हुर्केको परिवारमा हुने हिसांको अवस्था जस्ता तत्वहरु छन् । पति तथा साथी तत्वमा पुरुष साथीको महिलासगंको संचारको अवस्था, लागु औषध तथा मादक पदार्थको सेवनको अवस्था, रोजगारीको अवस्था, वाल्यकालमा घरमा हुने हिंसाको अवस्था  अरु मानिस प्रति भौतिक रुपमा आक्रमक स्वभाव जस्ता तत्वहरु देखिन्छन् ।

छरछिमेक तथा सामाजिक तत्वहरुमा महिला तथा पुरुषमा आर्थिक समानताको अवस्था, महिलाहरुको घुमघिर हिडाइर स्वायत्तता, लैगिंक भुमिका तथा लैगिंक हिंसा प्रतिको दृष्किोण, पुरुष

पुरुष वीचको सम्वन्ध,अपराध तथा अन्य सामाजिक पूजीका विषयहरु पर्दछन् (WHO multi-country study on Women's health and domestic violence against Women)।

त्यसैगरि नारी मासिक पत्रिकामा उल्लेख भए अनुसार,संयुक्त राष्ट्र संघले नेपालमा लैगिंक असमानताका मामिलाको सम्वोधन तथा महिला सशक्तिकरणमा उल्लेख्य प्रगति भएकोमा स्वागत गरेको छ । गत महिना अन्तराष्ट्रिय नारी दिवसका अवसरमा नेपाल स्थित राष्ट्रसंघीय कार्यालयले विज्ञप्ति जारी गरी महिला सशक्तिकरणका क्षेत्रमा नेपालमा केही उल्लेख्य प्रगति भए पनि महिला सशक्तिकरण सम्वन्धी विषय कार्यान्वयनमा अझ गम्भीर चुनौति र अवरोध रहेको जनाएको छ । विज्ञप्तिमा महिला समानता, जोखिममा परेका समुदाय, शारीरिक रुपमा असक्षम, मधेसी, मुसलमान, शिख, सशस्त्र समुहवाट पिडित तथा सशस्त्र द्वन्द्वको चपेटामा परेका, पृथक लिंगीय पहिचान एवं यौनिकता युक्त वर्गको चासोलाई कार्यान्वयनमा ल्याउनु पर्ने कुरा औल्याइएको छ। महिला अधिकार सम्वन्धी वेइजिङ पुनरावलोकन सम्मेलनवाट अनुमोदन भै नेपालको राष्ट्रिय प्राथमिकता प्राप्त ती २० विषय प्रतिको प्रतिवद्धता पूरा गर्न नयाँ वन्ने संविधानमा तिनलाई समावेश गर्न राष्ट्र संघले जोड दिएको छ (नारी, २०१५) ।

विश्वको सर्न्दभमा, महिला हिंसाका घटना संसार भरि नै घट्ने गरेको पाइन्छ। तथ्यांकहरु केलाउँदा संसारमा महिला हिंसाको डरलाग्दो अवस्था देखिन्छ । महिला विरुद्धको घरेलु हिंसाको विश्व स्थितीलाई हेर्दा औद्योगिक देशहरु मध्येमा जापान जस्तो विकसित देशमा पनि ५९ प्रतिशत महिलाले आफुमाथि श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । देशमा प्रविधिको विकाससगै महिलामाथि हुने हिंसा पनि बढदै गएको पाइयो । त्यस्तै क्यानडामा २९ प्रतिशत महिलाले १६ वर्षको उमेर देखि श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै अमेरिका जस्तो देशमा पनि २८ प्रतिशत महिलाले आफुमाथि कम्तीमा एक पटक श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै न्युजिल्याण्ड तथा स्वीटजरल्याण्डमा २० प्रतिशत महिलाले श्रीमानबाट शारीरिक हिंसा भएको बताए । त्यस्तै एशिया र प्रशान्त अर्न्तगत भारतको उतरप्रदेशमा ४५ प्रतिशत महिलालेश्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै कोरियामा ३८ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक हिंसा भएको बताए । त्यस्तै थाइल्याण्डमा २० प्रतिशत श्रीमान्हरुले आफ्नो श्रीमतीमाथि कम्तीमा एकचोटी हिंसा हुने गरेको बताए । त्यस्तै मध्यपूर्व अर्न्तगत इजिप्टमा ३५ प्रतिशत महिलाले श्रीमान्बाट पिटीएको बताए र इजरायलमा ३२ प्रतिशत महिलालेश्रीमान्बाट पिटीएको बताए । त्यस्तै अफ्रिका अर्न्तगत केन्यामा ४२ प्रतिशत महिलाले श्रीमान्बाट पिटिएको बताए । त्यसमा पनि ५८ प्रतिशतले अक्सर हिंसा हुने गरेको बताए । युगान्डामा ४१ प्रतिशत महिलाले श्रीमान्बाट

शारीरिक क्षति भोगेको बताए । जिम्बावेमा ३२ प्रतिशत महिलाले आफ्नो परिवार अथवा परिवारका सदस्यबाट हिंसा हुने गरेको बताए । त्यस्तै ल्याटिन अमेरिका अर्न्तगत निकारागुवामा ५२ प्रतिशत, मेक्सिकोमा ३० प्रतिशत र चिलीमा २६ प्रतिशत महिलाले कम्तीमा एकचोटी शारीरिक हिंसा भएको बताए । कोलम्बियामा १९ प्रतिशत महिलाहरुले श्रीमान्‌बाट आफ्नो जीवनकालमा शारीरिक हिंसा भएको बताए । त्यस्तै मध्य र पूर्वीयुरोप अर्न्तगत एसटोनियामा १८ देखि २४ वर्षका २९ प्रतिशत र ६५ वर्षका महिलाहरुमा ५२ प्रतिशत महिलाहरु घरेलु हिंसाबाट पीडित भएको बताए । त्यस्तै पोल्याण्डमा ६० प्रतिशत पारपाचुकी भएको महिलाहरुले आफुमाथि कम्तीमा एकचोटी र २५ प्रतिशतले आफुमाथि पटक पटक हिंसा भएको बताए । त्यस्तै ताजिकीस्तानमा १८ देखि ४० वर्ष उमेर समुहका महिलाहरुले आफुमाथि शारीरिक हिंसा भएको बताए । महिला हिंसाको विश्व स्थिती हेर्दा महिलामाथि शारीरिक हिंसा गर्नेमा आफ्नै श्रीमान्‌बाट रहेको पाइयो (UNICEF,2000) ।

नेपालको सर्न्दभमा, द एसीया फाउन्डेसन संगको सहकार्यमा SAATHI (1997)ले निकालेको एक रिर्पोट अनुसार ९५ प्रतिशत उत्तरदाता स्वयम् नै महिला विरुद्ध हुने हिंसाको सिकार भएका पाइए । त्यसमध्ये ७७ प्रतिशत महिलाहरु आफ्नै परिवारका सदस्यबाट पीडित थिए भने घरेलु हिंसाबाट ५८ प्रतिशत महिलाहरु पीडित थिए । त्यसरीनै ९३ प्रतिशत महिलाहरु शारीरिक, मानसिक र भावनात्मक यातनाको सिकार भएका पाइए । त्यस्तै, ४८ प्रतिशत महिलाहरु काम गर्ने ठाउँमा र सार्वजनिक स्थलमा यौन दुर्व्यवहारको सिकार भएका पाइए । महिला माथि हुने हिंसा मध्ये पिटाई सबैभन्दा धेरै हुने घरेलु हिंसा ठहरियो । जसबाट ८२ प्रतिशत महिला पीडित भएको पाइयो । त्यस्तै, बलात्कारबाट ३० प्रतिशत र बहुबिबाहबाट ६४ प्रतिशत महिला पीडित भएका पाइए । यो प्रतिवेदनमा महिला माथि हुने हिंसाका कारणहरु पनि खोतलिएका छन् । प्रतिवेदन अनुसार महिला हिंसाका ५२ प्रतिशत घटना आर्थिक समस्याले र ४९ प्रतिशत घटना मादकपदार्थ सेवन पछि गरिने दुर्व्यवहारका कारण भएका पाइए । त्यस्तै, प्रहरी हिरासतमा रहेका महिला मध्ये ४८ प्रतिशत उक्त समयमा दिइने यातनाबाट पीडित हुने गरेका पाइए । त्यस्तै, आफ्नो श्रीमान् र परिवारमा निर्भर रहेका कारण ७३ प्रतिशत महिलाले आफू माथि हुने गरेको हिंसा सहेरै बस्ने गरेका रहेछन् (SAATHI, 1997)।

शान्ति तथा पुननिर्माण मन्त्रालय, २०६७ राष्ट्रिय कार्ययोजनामा उल्लेख भए अनुसार,आयआर्जन गर्ने घरको मुख्य व्यक्तिको मृत्य तथा वेपत्ताभएका कारणले कतिपय परिवारको विचल्ली हुन पुग्यो । त्यसको प्रभाव स्वरुप एकातर्फ समाजमा अविश्वास, डर, त्रास, भय एवं वदलाको भावना सिर्जना

भयो भने अर्का तर्फ शिक्षा, यातायात, संचार, उद्योग जस्ता भौतिक संरचनाहरुको क्षति हुन गई देशले आर्थिक एवं सामाजिक समस्याहरु भोग्नु पर्‍यो ।

नेपालमा सशस्त्र द्वन्द्वको वढि असर महिला तथा वालवालिकालाई परेको छ । प्रत्यक्ष रुपमाद्वन्द्वमा सहभागि हुन घर छाड्दा होस् वा कुनै पक्षको दवावको कारणले विस्थापित जीवन विताउन पर्दा होस् पुरुष सदस्यहरुको अनुपस्थितिमा महिलाहरुले नै घरको सम्पूर्ण जिम्मेवारी गर्नु पर्ने अवस्था थियो । सशस्त्र द्वन्द्वको समयमा घर भित्र तथा वाहिर दुवै प्रकारको जिम्मेवारीले महिलालाई कार्यवोझ थपिएको थियो । शान्ति सुरक्षाको स्थितिमा रहेका कमजोरीका कारण सशस्त्र द्वन्द्व र संक्रमणकालिन अवस्थामा महिलाहरु यौनजन्य हिंसावाट समेत पिडित हुनु परेको थियो ।

सशस्त्र द्वन्द्वमा परिवारको पुरुष सदस्यको सहभागिता वा विस्थापनले मात्र होइन, महिला आफैद्वन्द्वमा सहभागी हुन घर छाडदा वा कुनै पक्षको दवावको कारणले महिला आफै विस्थापित जीवन विताउनु पर्दा पनि महिलाले भोग्नु पर्ने समस्या छुट्टै प्रकारका हुन्छन् । विस्थापित भएका किशोरी महिलाहरु रोजगारीको अभावमा वाध्यतावशं जोखिमपूर्ण तथा शोषणयुक्त काममा सहभागी हुन वाध्य भए । यसका अलावा सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाहरुले विशेष गरीद्वन्द्व प्रभावित क्षेत्रमा महिलाहरुका मानसिक स्वास्थ्यमा समेत असर पर्न गयो । यसरी हेर्दा प्रत्यक्ष वा परोक्ष रुपमा सशस्त्र द्वन्द्वको असर महिलाहरुमा वढी परेको कुरा स्पष्ट देख्न सकिन्छ (शान्ति तथा पुननिर्माण मन्त्रालय,२०६७) ।

लैगिंक हिंसाले हाम्रो सामाजिक सांस्कृतिक परिवेशको सर्न्दभमा सारभुतरुपमा महिला माथिको हिंसालाई जनाउँछ । नेपाली समाज वर्गवादी र परम्परावादी रुढीवादी चक्रमा जेलिएको र लिंगको आधारमा हुने हिंसा वढी रहेको छ । महिला विकास चेतनाको दृष्टिले देश नै पछाडी परेको परम्परागत संस्कृतिक विचलनले दोस्रो दर्जाको नागरिकको व्यवहार गरेको, उत्पादनमूलक स्रोत साधनमा पहुँच अत्यन्तै कमजोर रहेको, महिलाहरुको कामको आर्थिक गणना नभएको र लामो समयको सशस्त्र द्वन्द्व समेतले महिलाहरुमा विषेश प्रकारको हिंसाजन्य व्यवहार गरेको पाइन्छ ।हिंसा प्रगति उन्नति र समृद्धिको  वाधक तत्व हो । समाज विभिन्न ढंगले उन्नत र विकसित भै रहेको छ तर हिंसा मुक्त हुन सकिरहेको छैन् ।

नेपालकोराजनैतिक इतिहासमा विभिन्न काल खण्डमा राजनैतिक द्वन्द्व भएका छन् । वाइसे तथा चौविसे राज्य विचको लडाई, एकिकरण पछिको शासक वर्गका वीचमा भएका झै झगडा तथा आन्तरिक कलह र द्वन्द्व, राणा शासनको उदय, प्रजातान्त्रिक आन्दोलन र राणाहरुको पतन, वहुदलिय व्यवस्था, जनयुद्धर आन्दोलनहरु विभिन्न काल खण्ड र अन्तरालहरुमा सशस्त्र र शान्तीपूर्ण

आन्दोलनहरु भै रहेका छन् । सशस्त्र  द्वन्द्व ऐतिहासिक रुपान्तरण तथा राज्य तहमा मात्रै नभई व्यक्ति, परिवार तथा समाजका विभिन्न तहमा प्रभाव पार्ने गरि हुन पुग्यो साथै सवै वर्ग, क्षेत्र, लिंग तथा उमेर समुहलाई प्रभाव पार्‍यो।

मानविय रुपमा १० हजार भन्दा वढी संख्यामा मानिसहरुले मृत्युवरण गर्न पुगे । लाखौ संख्यामा विस्थापन, महिला हिंसा, अंगभंग लगायत क्षति हुन पुग्यो । भौतिक रुपमा दशौ हजार भौतिक पूर्वाधारहरुको क्षतिग्रस्त भएका ( सडक, पुल, कल्र्भट, विद्युत, टेलिफोन, खानेपानी जस्ता ) सार्वजनिक पूर्वाधारका साथै व्यक्तिगत सम्पति भवन तथा पूर्वाधारहरु नष्ट भएका छन् । भावनात्मक तथा मनोवैज्ञानिक रुपमा द्वन्द्वले समाजलाई संवेदनविहिन वनायो । डर, त्रास, डिप्रेशन लगायतका अन्य स्वास्थ्य सम्वन्धी रोगहरु सिर्जना हुन पुगे । महिला हिंसाका घटना र विशेष गरि यौन हिंसाका घटना राज्य तथा विर्दोही दुवै पक्षवाट हुन गएको देखियो ।

सशस्त्र द्वन्द्व तथा परम्परागत सामाजिक संरचना र व्यक्तिमा रहेका हिंस्रक व्यवहारका कारण महिला हिंसा विशेषत घरेलु हिंसा र यौन हिंसा विकराल वन्दै गएको अवस्थामा पाइन्छ । परम्परागत रुपमा रहेको वोक्सी प्रथा, वहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती देहव्यापार, मानव वेचविखन (महिला तथा वालवालिका) कुटपिट, अगभंग, श्रम शोषण, खानपानमा भेदभाव, झुमा, देउकी जस्ता कुप्रथाहरु विद्यमानमा समेत रहेको पाउन सकिन्छ । शारिरिक यातनामा  यौनहिंसा परिवारका नजिकका नातेदारको संलग्नता दर उच्च देखिन्छ । शिक्षा दिने पवित्र संस्था विद्यालयमा किशोरीहरु असुरक्षित रहेका र आफ्नै शिक्षकवाट यौन शोषणमा परेको देखिन्छ ।

सशस्त्र द्वन्द्वका क्रममा महिलाहरुले भोगेका भोगाइहरु धेरै प्रकारका छन् । यसको अर्थ मृत्यु (आफन्तको) नजिकको नातेदारसंगको सम्वन्ध टुटेको, छुटिनु परेको, भौतिक तथा आर्थिक रुपमा असुरक्षा वढेर गएको, घाउ तथा चोटपटक लागेको, डिप्रेशन वढेको र यिनै कारणहरुवाट मृत्युसम्म हुने गरेका पाईन्छ ।

# अध्याय - तीन
# अनुसन्धान विधि

कुनै पनि क्षेत्र वा विषयसंग सम्वन्धित तथ्यांकहरुका सम्वन्धमा क्रमवद्ध, व्यवस्थित एवं वैज्ञानिक तरिकावाट अपनाईने विधि नै अनुसन्धान विधि हो । यसले अनुसन्धान गरिने प्रक्रियाको व्याख्या गर्दछ । यसमा अनुसन्धानको ढांचा, अध्ययनको क्षेत्र तथा नमुना छनौट, तथ्यांकको स्रोत तथा संकलन प्रविधिका साथै अनुसन्धानको विश्लेषण तथा प्रस्तुती वारे प्रकाश पार्दछ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

अनुसन्धान कार्यलाई मूर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमवद्धरुपमा अगाडि वढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनौट आवश्यक पर्दछ । यस सोधपत्रको अध्ययन क्षेत्र बर्दिया जिल्लालाई छनौट गरिएको छ । यस जिल्ला सशस्त्र द्वन्द्वबाट बढी प्रभावित जिल्ला भएको हुनाले छनौट गरिएको हो ।

बर्दिया जिल्ला नेपाल राज्यको ५ विकास क्षेत्र मध्ये मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चलमा पर्दछ ।  यस जिल्लाको दक्षिणी भागमा तराइको समतल भुमि पर्दछ भने उत्तरमा पूर्वपश्चिम फैलिएको चुरे श्रृखला पर्दछ । यस जिल्लाको १८ गाउँ विकास समिति तथा ५ नगरपालिका रहेको छ । यस जिल्लाको सिमाना नेपालका अन्य तीन वटा जिल्लाहरु र छिमेकी मुलुक भारतको उत्तर प्रदेशसंग जोडिएको छ । यस जिल्लाको उत्तरमा सुर्खेत, सल्यान, पूर्वमा वांके, पश्चिममा कैलाली तथा दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । गुलरिया यस जिल्लाको सदरमुकाम हो । यो जिल्ला समुन्द्री सतहवाट लगभग १८३ मीटर उचाइमा रहेको छ । यस जिल्लालाई ४ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

यस जिल्लाको जम्मा जनसंख्या ४ लाख २६ हजार ५ सय ७६ रहेको छ । जसमा पुरुष २ लाख ५ हजार  २० जना र महिलाको २ लाख २१ हजार ४ सय ९६जना जनसंख्या रहेको छ(CBS, 2068)। समग्र देशमा मानविय रुपमा  १५ हजार भन्दा वढी संख्यामा मानिसहरुले मृत्यु भएको, १ हजार ५ सय भन्दा वढि वेपत्ता भएका, लाखौ संख्यामा आन्तरिक तथा वैदेशिक विस्थापन भएका , हजारौको संख्यामा महिला हिंसा, अंगभंग लगायत क्षति भएको तथा भौतिक रुपमा दशौ हजार भौतिक पूर्वाधारहरुको क्षतिग्रस्त भएका (सडक, पुल, कल्भेट, विद्युत, टेलिफोन, खानेपानी जस्ता) सार्वजनिक पूर्वाधारका साथै व्यक्तिगत सम्पति भवन तथा पूर्वाधारहरु नष्ट भएका छन्।

सशस्त्र द्वन्द्वमा सवै भन्दा वढि प्रभाव परेको यस जिल्लामा सशस्त्र द्वन्द्वको समयमा २९० जनाको मृत्यु, २४८ जना वेपत्ता, ३६९ जना घाइते, ४८ जना अगंभंग, १८६ जना अपहरण र ४४९ जना विस्थापित भएको देखिन्छ । विगतको सशस्त्र द्वन्द्वको कममा राज्य पक्ष तथा गैरराज्य (माओवादी) पक्षवाट विभिन्न तरिकाले द्वन्द्वको चपेटामा परेका द्वन्द्व पिडित ३१ जना महिलाहरु छनौट गरिएको छ ।

यस क्षेत्र छनौट गर्नुको कारणसशस्त्र द्वन्द्वबाट वढी प्रभावित जिल्ला भएकोले, महिला सचेतना कम भएकोले, वेपत्ता व्यक्तिहरुको संख्या भएकोले, यौनजन्य हिंसावाट महिलाहरु वढी पीडित भएकाले ।

### ३.२ अनुसन्धान ढाँचा :

यस सोध अध्ययनलाई पूर्णरुपमा वर्णनात्मक र विश्लेषणत्मक अनुसन्धान  ढांचाको प्रयोग गरिएको छ । बर्दिया जिल्ला शान्ति समिति, महिला विकास कार्यालय, जिल्ला कानूनी सहायता समिति माध्यमवाट प्राप्त पूर्व आंकडालाई आधार मानि द्वन्द्वबाट उच्चतम प्रभावित क्षेत्र मानिएको गा.वि.स. का सशस्त्र द्वन्द्वबाट पिडित भएका ३१ जना उत्तरदात्ता महिलाहरुसंग प्रत्यक्ष अर्न्तरवार्तावाट आएको उत्तरमाआधारित भएर अनुसन्धान गरि शोधपत्र तयार गरिएको हो ।

### ३.३तथ्याङ्क को प्रकृति र स्रोत

जुन सुकै अध्यायनमा पनि त्यसको सत्य तथ्य प्रमाणिकरण गर्नको लागि तथ्यांक आधारमा सो अध्ययनको विश्वसनियता हेरिन्छ । तसर्थ यस अनुसन्धानको लागि पनि मूलतः दुई प्रकारका तथ्यांक स्रोतवाट संकलित तथ्याकलाई आधार वनाइएको छ । कुनै पनि अध्ययनलाई आवश्यक पर्ने तथ्यांकहरु प्राथमिक श्रोत तथा द्वितिय श्रोतवाट नै संकलन गरिन्छ र सोहि विधि यस अध्ययनमा अप्नाइएको छ ।

कुनै पनि अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको उद्देश्य पूर्तिका लागि तथ्यांक संकलनका सामाग्रीहरु (data collection tools) प्रयोग गरी संकलन गरिएका तथ्यांकलाई प्राथमिक स्रोतको तथ्यांक भनिन्छ । यस अध्ययनमा (स्रोत कर्ता) आफै सम्वन्धित क्षेत्रमा गई तथ्यांक संकलनको सामाग्रीको रुपमा प्रश्नावली निर्माण गरि सशस्त्र द्वन्द्वको समयमा भएका महिला हिंसा, पीडित महिलाहरुमा परेको सामाजिक असरको वारेमा यो अध्ययन केन्द्रित रहि अन्तरवार्ता तथा प्रश्नावलीको माध्यमवाट ३१ जना सशस्त्र द्वन्द्वबाट पीडित महिलाहरुलाई लिइएको छ ।

अनुसन्धानकर्ताले गर्न थालेको अनुसन्धानलाई पुष्टि गर्नको लागि सो विषयसंग सम्वन्धित तथ्यांकहरु, गैरसरकारी तथा अन्य अनुसन्धानकर्ताले प्रकाशित गरेको तथ्यांकहरुवाट संक्षिप्तमा

लिइएका हुन्छन् । त्यस्ता स्रोतवाट संकलन गरिएका तथ्यांकहरुलाई द्वितिय स्रोतवाट संकलन गरिएको तथ्यांक भनिन्छ । यस अध्ययनको लागि द्वितिय स्रोतवाट समेत तथ्यांक संकलन गरिएको छ । जसमा अन्य अनुसन्धान, सरकारी गैरसरकारी, सघंसस्था, रेडियो,टेलिभिजन, पत्रपत्रिकाआदि बाट लिइएको छ ।

## ३.४ तथ्यांक संकलन विधि :

अनुसन्धानको गुणस्तरीयता तथ्यांक संकलनको विधि कस्तो रहेको छ भन्नेमा निर्भर रहेको हुन्छ । वैज्ञानिक तथ्यांक विधि बिना यथार्थ तथ्य निकालन सकिदैन । तसर्थअनुसन्धानलाई तथ्यपूर्ण एवं अर्थपूर्ण वनाउन अनुसन्धानको उद्देश्य अनुरुप कस्तो किसिमको तथ्यांक संकलन विधि अपनाउनु पर्दछ भन्नेमा निर्भर रहन्छ । यस अनुसन्धानलाई बढी यथार्थपरक तथा गुणस्तरीय वनाउन अनुसन्धान कर्तावाट प्रत्यक्ष अवलोकन, यस क्षेत्रमा क्रियाशील व्यक्तिसगं अन्तरवार्ता  छलफल जस्ता विधिहरु अपनाइएको छ ।

**अन्तरवार्ता** : आधुनिक समाजशास्त्रीय तथा मानवशास्त्रीय अनुसन्धानको यो विधि सोध गरिएको विषय वस्तुको गुणात्मक परिक्षणका लागि अपनाइने विधि हो । यस अध्ययनमा पनि अध्ययनकर्ताले अध्ययन क्षेत्रका सम्वन्धित व्यक्तिहरुको अन्तरवार्ता लिइएको छ । खास गरि सशस्त्र द्वन्द्वका क्रममा भएको महिला विरुद्धका हिंसाको वास्तविक यर्थाथ पत्ता लगाउने, महिलाहरुले भोगेका यौन हिंसाका घटनाहरु  र यसवाट उत्पन्नमहिलाहरुले हाल भोग्नु परेकोसामाजिक परिस्थितिका वारेमा अन्तरवार्ता केन्द्रित रहनेछ । यसका लागि प्रश्नावली सहितको प्रत्यक्ष मौखिक अर्न्तवार्ताको तरिका अवलम्वन गरिएको छ (हेर्नु परिशिष्ट १) ।

## ३.५ अध्ययनको सीमा

जुनसुकै अध्ययनका आ-आफ्नै सिमा हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान आफैमा पूर्ण हुदैन । त्यसै गरि कुनै पनि अध्ययन अनुसन्धान आरोप प्रत्यारोपवाट वञ्चित रहन सक्दैन । वर्तमान समयमा त झन अध्ययन अनुसन्धानका लागि चाहिने समय र श्रोत बढी व्यापक आवश्यक पर्दछ । वदलिदो परिवेशको माग अनुसार अध्ययन अनुसन्धानको दायरा व्यापक र नौलो हुन्छ । तसर्थ यस अध्ययनको लागि पनि आर्थिक श्रोत र समयाभावका कारण केही सीमा र कमजोरीहरु रहेका छन् । विगत सशस्त्र द्वन्द्वका क्रममा देशव्यापी रुपमा ठूलो मात्रामा महिला अधिकारको उल्लंघन भएको थियो । त्यसको समग्र अध्ययन गर्न एउटा शोध पत्रमा सीमित श्रोत, साधन र समयमा असंभव भएकाले द्वन्द्ववाट वढी प्रभावित बर्दिया जिल्ला छनौट गरिएको हो ।

# अध्याय - चार
# सशस्त्र द्वन्द्वमा भएका महिला हिंसा र सामाजिक प्रभाव

एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा बर्दिया जिल्ला वढी प्रभावित जिल्ला भएकोले अध्ययनका लागि छनौट गरिएको हो । यस जिल्लामा सशस्त्र द्वन्द्वको कममा मृत्यु, वेपत्ता, अपहरण, विस्थापित, अंगभग तथा घाइते, यातनाबाट पिडित भएको पाइन्छ । यस अध्ययनका लागि सशस्त्र द्वन्द्वको समयमा महिला हिंसामा परेका ३१ जना हिंसावाट पिडित महिलाहरु छनौट गरिएको छ ।

उनीहरुले कस्ता कस्ता किसिमका हिंसाहरु भोग्नु पर्‍यो?कुन पक्षवाट वढी प्रभावित भए ?द्वन्द्वको समयमा यौन हिंसावाट प्रभावित महिलाहरुमा सामाजिक प्रभावहरु कस्तो परेको छ? भनी गरिएको अध्ययन तथा अनुसन्धानबाट प्राप्त तथ्यांकलाई विश्लेषण गरिएको छ । यसको मुख्य उद्देश्य विगतको सशस्त्र द्वन्द्वको कममा महिला हिंसाका घटनाहरुले महिलाहरुमा पारेको सामाजिक प्रभावका वारेमा विश्लेषण गरिएको छ । जसको पूर्ण विवरण तल उल्लेख गरिएको छ ।

### ४.१ उत्तरदाता महिलाहरुको उमेर समूहको विवरण

यस अध्ययनका लागि बर्दिया जिल्लाका विभिन्न स्थानका ३१ जनासशस्त्र द्वन्द्वमा पिडित महिलाहरुलाई छनौट गरिएको छ ।जसमा पीडित महिलाहरुको उमेर समूहलाई तालिकावाट प्रष्ट पारिएको छ ।

**तालिका १ : उत्तरदात्ता महिलाहरुको उमेर**

| उमेर | संख्या |
|---|---|
| १५ देखि ३० | २ |
| ३० देखि ४५ | १७ |
| ४५ भन्दा माथि | १२ |
| जम्मा | ३१ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका १ मा उत्तरदात्ता महिलाहरुको उमेर समूह देखाइएको छ । जसमा१५ बर्ष देखि ३० बर्षसम्मका महिलाहरु २ जना, ३० बर्ष देखि माथि ४५ बर्ष सम्मका  महिलाहरु १७ जना र ४५ बर्ष माथिका १२ जना महिलाहरु रहेका छन । भने जसमा १५ वर्ष भन्दा कम उमेर समुहका महिलाहरु छनौट गरिएको छैन भने सवै जना महिलाहरु सशस्त्र द्वन्द्ववाट पीडित भएको पाइयो ।

उत्तरदात्ताहरुको उमेर समुहमा सवै भन्दा वढी ३० देखि ४५ बर्षका महिलाहरु ५४.८३ प्रतिशत रहेका छन् । त्यसै गरि दोश्रो ठुलोसंख्या ४५ वर्ष माथिका ३८.७० प्रतिशत र सवै भन्दा कम १५ देखि ३० वर्ष उमेर समुहका ६.४५ प्रतिशत रहेका छन् ।

१५ वर्ष भन्दा कम उमेरमा विवाह हुने महिलाहरुको संख्या ५ जना रहेको छ । १५ देखि २० वर्ष उमेरमा विवाह हुने समूहका महिलाहरु १७ जना रहेका छन् । त्यसै गरि २० वर्ष भन्दा वढि उमेरमा विवाह हुने महिलाहरुको संख्या ९ जना रहेको छ । छनौट गरिएका सवै महिलाहरुविवाहित रहेका छन् ।

## ४.२उत्तर दाता महिलाहरुको शैक्षिक अवस्था

उत्तरदाता महिलाहरुमध्ये साक्षर १६ जना र निरक्षर १५ जना देखियो ।निरक्षर रहेका महिलाहरुलाई के कति कारणबाट निरक्षर हुन परेको भन्ने विषयमा अनुसन्धान गर्दा आर्थिक स्थिति कमजोर भएका, सानैमा कमैया वस्नु परेको, समुदायमा छोरीलाई पढाउनु पर्दछ भन्ने ज्ञान नरहेको तथा अभिभावकहरुमा चेतनाको स्तर न्युन रहेका जस्ता कारणहरु देखिएका छन् जसलाई निम्न तालीकामा राखि प्रस्तुत गरिएको छ ।

**तालिका २ : निरक्षर हुनुको मुख्य कारण**

| निरक्षरताको कारण | सख्या |
|---|---|
| आर्थिक स्थिति कमजोर भएका | ४ |
| सानैमा कमैया वस्नु परेको | ५ |
| अभिभावकहरुमा चेतनाको स्तर न्युन | ३ |
| मधेसी समुदायमा छोरीलाई पढाउने चलन नहुनु | ३ |
| जम्मा | १५ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका २ अनुसार,गरिवीको कारणले पढन नपाएको ४ जना, सानैमा कमैया वस्नु परेको कारण ५ जना, मधेसी समुदायमा छोरीलाई पढाउने चलन नहुनु ३ जना, अशिक्षा तथा चेतनाको कमिले गर्दा नपढने संख्या ३ जना रहेको पाईयो।

## ४.३उत्तरदाता महिलाहरुको जीविकोपार्जन वा पेशा सम्वन्धी विवरण

उत्तरदात्ता महिलाहरुको जीविकोपार्जन कसरी चलेको छ भनि गरिएको अध्ययनलाई तलको तालिकावाट प्रष्ट पारिएको छ ।

**तालिका३ : पिडित महिलाहरुको जीविकोपार्जन सम्वन्धी विवरण**

| उत्तरदाता महिलाको पेशा | संख्या |
|---|---|
| कृषि | २५ |
| व्यापार व्यवसाय | २ |
| सरकारी सेवा | ३ |
| ज्याला मजदुरी | १ |
| जम्मा | ३१ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका ३ अनुसार,कृषि पेशामा संलग्न २५ जना, व्यापार व्यवसाय गर्ने २ जना, सरकारी सेवामा ३ जना, ज्याला मजदुरी गर्ने १ जना रहेका छन् ।३१ जना उत्तरदाताहरु मध्ये सवै भन्दा वढी महिलाहरु कृषि कार्यमा संलग्न भएको पाइयो । भने ज्याला मजदुरी गर्ने १ जना रहेका छन् । अध्ययनका क्रममा ती सवै महिलाहरु सशस्त्र द्वन्द्वको समयमा हिंसावाट पीडितरहेको देखियो । कोहि राज्य पक्ष, कोहि विद्रोही पक्ष र कोहि दुवै पक्षवाट पीडित रहेको पाइयो ।

### ४.४ सशस्त्र द्वन्द्व पिडित महिलाहरुले भोगेका हिंसाहरु

जिल्लामा सशस्त्र द्वन्द्वको क्रममा मृत्यु, वेपत्ता, अपहरण, विस्थापित, अंगभग तथा घाइते, यातनाबाट पिडित भएको पाइन्छ । यस अध्ययनका लागि सशस्त्र द्वन्द्वको समयमा महिला हिंसामा परेका ३१ जना हिंसावाट पिडित महिलाहरु छनौट गरिएको छ ।उनीहरुले कस्ता कस्ता किसिमका हिंसाहरु भोग्नु पर्‍यो भनि अनुसन्धान गरिएको छ । तालिकावाट प्रष्ट पारिएको छ ।

**तालिका ४ : महिलाहरुले भोगेका हिंसाहरु प्रकारहरु**

| | |
|---|---|
| कुटपिट | १२ |
| शारिरीक शोषण | ४ |
| यौन दुरव्यवहार | ८ |
| बलत्कार | ७ |
| जम्मा | ३१ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका ४ अनुसार,कुटपिटका घटनाहरुमा १२ जना महिलाहरु परेका र कुटपिटवाट गभिंर प्रकृतिका अंगभंग, घाइते समेत भएका, त्यसै गरी शारिरीक शोषणमा श्रम शोषण, ज्याला न्युन दिने तथा नदिने घटनामा ४ जना (शारिरीक शोषण र यौन दुरव्यवहार समेत भोगेका), यौन

दुरव्यवहारका घटनामा ८ जना पिडित रहेको पाइयो । जवरजस्ती करणी र बलत्कारका घटनामा ७ जना पिडित रहेका । जसमा ४ जना सामूहिक बलत्कारका घटनाका शिकार भएको पाइयो भने व्यक्तिगत बलत्कारको शिकार ३ जना परेका पाइयो । उल्लेखित सबै प्रकारका महिला हिंसा भोग्ने महिलाहरुको संख्या २ जना रहेको पाइएको छ ।

अध्ययनका लागि छनौट गरिएका उत्तरदाताहरु मध्ये सशस्त्र द्वन्द्वका समयमा २८ जना महिलाहरु ग्रामिण क्षेत्रमा र ग्रामिण तथा शहरी दुवै तर्फ वस्ने ३ जना रहेका छन । शहरमा मात्रै वसोवास गरेको देखिएन । त्यसैगरि सशस्त्र द्वन्द्वको प्रभावमा आफन्तको मृत्यु भएको, वेपत्ता पारिएको, अपहरण गरिएको, आफ्नो वसोवास गरिरहेको थातथलोवाट विस्थापित भएका, सम्पति नष्ट गरिएको, अंगभंग तथा अपांग वनाइएका जस्ता घटनाहरु देखिन्छ । जसलाई तलको तालिकाबाट प्रष्ट हुन आउँछ ।

**तालिका ५ : पिडितहरुको पारिवारिक रुपमा परेका असरहरु**

| | |
|---|---|
| मृत्यु | ९ |
| वेपत्ता | ९ |
| अपहरण | ५ |
| आन्तरिक रुपमा विस्थापित | ९ |
| सम्पतिको क्षति | ४ |
| अपांग | ३ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका ५ अनुसार,सशस्त्र द्वन्द्वमा उत्तरदात्ताका नजिकका आफन्तहरु (श्रीमान, छोरा, छोरी, देवर, नन्द) को मृत्यु भएको देखिन्छ । मृत्यु ९ जना र वेपत्ता ९ जना रहेका छन् भने अपहरण ५ जना मध्ये ३ जना अहिले सम्म वेपत्ता रहेको अवस्था र २ जना अपहरणवाट मुक्त भएको अनुसन्धानको क्रममा पाइयो ।

त्यसै गरि सशस्त्र द्वन्द्वको समयमा र सधैको लागि आन्तरिक रुपमा विस्थापित हुनेहरु ९ जना रहेका, सम्पतिको क्षति ४ जनाको भएको देखिन्छ । अपांग घाइते तथा अंगभंग भै प्रभावित हुने सशस्त्र द्वन्द्व पिडितको संख्या ३ जना रहेको छ ।

### ४.५ सशस्त्र द्वन्द्वको समयमा कुन पक्षवाट महिला हिंसा वढी हुन पुग्यो भनी गरिएको अध्ययन

बिगत सशस्त्र द्वन्द्वको क्रममा बर्दिया जिल्ला राज्य पक्ष र गैर राज्य (विद्रोही) पक्षबाट अति नै

प्रभावित जिल्ला हो । अध्ययनका लागि छनौट गरिएका ३१ जना हिंसा पिडित महिलाहरु मध्ये कति जना महिलाहरु राज्य पक्षवाट र कति जना महिलाहरु विद्रोही पक्षवाट पिडित हुन पुगे भनि गरिएको अध्ययनमा पिडित महिलाहरुवाट प्राप्त तथ्यांकको विश्लेषण गरिएको छ ।

**तालिका ६ : कुन पक्षबाट बढी प्रभावित भए भन्ने सम्वन्धमा**

| | |
|---|---|
| राज्य पक्ष | १८ |
| गैर राज्य (माओवादी) पक्ष | १० |
| दुवै पक्षवाट | ३ |
| जम्मा | ३१ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका ६ अनुसार,ठूलो मात्रामा द्वन्द्व भोगेका बर्दिया जिल्लाका सशस्त्र द्वन्द्वको समयमा हिंसा पिडित महिलाहरु मध्ये राज्य पक्ष तथा गैर राज्य पक्ष दुवैवाट पिडित रहेका छन् । अनुसन्धानका लागि छनौट गरिएका ३१ जना पिडित महिलाहरु मध्ये राज्य पक्षवाट सबै भन्दा वढी १८ जना महिलाहरु पिडित रहेकामा गैर राज्य (माओवादी) पक्षबाट १० जना पिडित बनेका छन् । जसमा राज्य तथा विद्रोही दुवै पक्षवाट ३ जना महिलाहरु पिडित भएको पाइयो ।

हिंसा पिडित ३१ जना महिला मध्ये सवै भन्दा वढी यौन हिंसामा परेको देखिन्छ । खास गरी यौन हिंसामा पर्ने महिलाहरु मध्ये राज्य पक्षवाट १४ जना रहेको पाइयो भने त्यसै गरि गैर राज्य पक्षवाट ३ जना र दुवै पक्षबाट यौन हिंसामा पिडित महिला २ जना रहेको पाइयो ।

यौन हिंसामा पिडित महिलाहरुले आफु हिंसामा परेको कुरा सवै भन्दा पहिला परिवारलाई वताउने १३ जना देखिन्छ भने नातेदारलाई ४ जनाले आफु हिंसामा परेको कुरा बताएको पाइयो । साथीलाई साथै छिमेकीलाई वताउने १/१ जना रहेको देखिन्छ ।

यौन हिंसावाट पिडित भएका महिलाहरुले कानूनी उपचारका लागि १२ जनाले सम्वन्धित निकायमा उजुरी गरेको देखिन्छ भने ७ जना महिलाहरु यौन हिंसाको कानूनी उपचारको लागि कुनै निकायमा पनि जानकारी नगराएको पाइयो । कानूनी उपचार नखोजेका कारणहरुमा समाजमा आफ्नो इज्जत जाने डरले ४ जना, समाजवाट निकालिने डरले २ जना रहेको पाइन्छ भने यसका साथै हिंसा भोगेका महिलाहरु प्रशस्त रहेको र त्यस समयमा सुनुवाई हुन्छ भन्ने विश्वास समेत नभएकाले कानूनी उपचारको लडाई नलडेको १ जना रहेको देखिन्छ ।

कानूनी उपचारका प्रकृयामा गएका यौन हिंसा पिडित महिलाहरु मध्ये १५जनाले उपचार पाएको व्यहोरा उल्लेख गरेका छन भने ४ जना महिलाहरुले उपचार पाएको अर्थात पिडितलाई कारवाही भएको अनुभुति गर्न नसकेको कुरा अनुसन्धानमा देख्न सकिन्छ ।

उपचार प्राप्त गर्ने पिडितहरुलाइ सहयोग गर्ने निकाय, संस्था तथा व्यक्तिहरुका विषयमा जानकारी लिदा सवै भन्दा वढी आफ्नै परिवारवाट ५ जना महिलाले सहयोगवाट उपचार पाएको देखियो । त्यसै गरि छिमेकी तथा नातेदारहरुवाट ३/३ जना त्यस्तै साथीको सहयोगवाट उपचार पाएका २ जना छन् भने गैर राज्य (माओवादी) को सहयोगवाट उपचार पाएका २ जना महिलाहरु रहेको देखिन्छ ।

यौन हिंसा पिडित महिलाहरुको स्वास्थ्य उपचार सवै भन्दा धेरै निजी अस्पतालमा भएको छ । पिडित महिला मध्ये ५ जना निजी अस्पतालमा त्यस्तै गरि घरमा नै उपचार गराउने ४ जना, सामुदायिक स्वास्थ्य संस्थामा उपचार गराउने ३ जना रहेको पाइयो । त्यसै गरि जिल्ला अस्पतालमा ३ जनाले उपचार गराएका छन् भने पिडित मध्ये कसैले पनि राष्ट्रिय स्तरको सरकारी अस्पतालमा उपचार गराउने पहुँच पुर्‍याउन सकेको देखिएन ।

हिंसामा परेका १२ जना महिलाहरु न्यायको लागि गएकोमा गाँउ विकास समिति कार्यालयमा ५जना, जिल्ला प्रशासन कार्यालयमा १ जना, गैर राज्य ( विद्रोही पक्ष ) पक्षवाट संचालित जनअदालतमा ४जनाले निवेदन दिएको कुरा अनुसन्धानको कममा पाईयो । न्यायका लागि विभिन्न निकायमा गएका मध्ये सवै वा शत प्रतिशत पिडितले सोचे अनुसार पिडकले सजाय पाएको अनुभुति नगरेको देखिन्छ ।

यौन हिंसामा परेका पिडितहरु अधिकांश पिडकलाई चिन्दैनन् । १६ जनाले नचिनेकोमा ३ जना पिडितले भने पिडकलाई चिन्दछन् । पिडितहरुलाइ पिडक हाल कहाँ छ भन्ने १६ जनालाई थाहा छैन भने ३ जना पिडितलाई पिडक कहाँ छ भन्ने थाहा भएको र हाल पिडितलाई सोही पिडकवाट डर छ भन्ने ३ जना रहेको पाइयो ।

### ४.६ द्वन्द्वको समयमा यौन हिंसावाट प्रभावित महिलाहरुमा परेको सामाजिक प्रभावहरु

अध्ययन क्षेत्र वर्दिया जिल्लामा सशस्त्र द्वन्द्वको समयमा भएका यौन हिंसावाट पिडित महिलाहरुमा परेको असर वा प्रभावको वारेमा पिडित महिलाहरुले हाल भोग्नु परेका समस्याहरुको बारेमा अनुसन्धान गरि विश्लेषण गरिएको छ ।जसमा १९ जना महिलाहरु यौन हिंसाबाट पिडित रहेको पाइयो ।

**तालिका७ : यौनहिंसाबाटपिडित महिलाहरुले हाल भोग्नु परेका समस्याहरु**

| | |
|---|---|
| अपहेलना | ३ |
| सामाजिक तिरस्कार | २ |
| सामान्य घोचपेचजन्य व्यवहार | ९ |
| सहानुभूतिपूर्ण व्यवहार | ५ |
| जम्मा | १९ |

(स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७२)

माथिको तालिका ७ अनुसार, सशस्त्र द्वन्द्वका विभिन्न प्रकारका घाउहरु छन् । यौन हिंसा पिडित महिलाहरु सशस्त्र द्वन्द्व पछिको अवस्थामा समेत डर, त्रास तथा नकारात्मक प्रभावहरु भोगि रहेका छन् । समाजवाट अलि तल्लो स्तरको व्यवहार गरेको अनुभूति संगालेका अर्थात अपहेलनाभोगेका ३ जना र सामाजिक तिरस्कारभोगेका२ जना, सामान्य घोचपेचजन्य व्यवहार भोगेको ९ जना महिलाहरु रहेको देखिन्छ भने समाजवाट सहानुभूतिपूर्ण व्यवहार ५ जना पिडित महिलाले पाएको कुरा व्यक्त गर्दछन् । दीर्घकालिन रुपमा यौन हिंसाको प्रभाव कस्तो रहेको छ भन्ने सर्न्दभको अनुसन्धान गर्दा ११ जना महिलाले दीर्घकालिन असर नरहेको वा नभएको वताउछन् भने ८ जना महिलाहरुलाई दीर्घकालिन रुपमा नै असर परेको देखिन्छ । मानसिक रुपमा सो घटना वारम्वार सम्भिm रहने तथा कमजोर अनुभूति महसुस हुने जस्ता समस्या वा असरहरु देखा परेको अनुसन्धानको क्रममा पिडित महिलाहरुले व्यक्त गरेका थिए भने केहिलाई परिवार तथा समाजले अझै पनि पूर्ण रुपमा स्वीकार गर्न नसकेको पाईयो । केहि महिलाहरु विवाह पश्चात पनि घर परिवार र समाजको राम्रो दृष्टिकोण नरहेको पाईयो ।

यौन हिंसा पश्चात पिडित मध्ये १४ जनालाई समाजमा पूनस्थापित हुन कठिनाई नपरेको तर ५ जना यौन हिंसा पिडित महिलाहरुले समाजले घृणाको दृष्टिकोणले हेरेको, विवाह सहज रुपमा हुन नसकेको, विवाह पश्चात पनि घर तथा परिवार र समाजले नराम्रो दृष्टिकोणले हेरेको जस्ता अनुभव सगालेको पाइयो । यौन हिंसाले आत्म सम्मानमा चोट पुग्यो कि पुगेन भन्ने प्रश्नमा शत प्रतिशतले आत्म सम्मानमा चोट लाग्ने कुरा वताएका छन् ।

यस अनुसन्धानको क्रममा सशस्त्र द्वन्द्व पिडित महिलाहरुले समाजमा विभिन्न प्रकृतिका हिंसाहरु भोग्नु परेको जसमा महिलाहरुलाई गालिगलौज, कुटपिट, शारिरीक शोषण, यौन दुरव्यवहार, वलात्कार जस्ता अमानविय घटनाहरुको शिकार वन्न पुगेका रहेछन् । जस कारण पिडित महिलाहरुलाई समाजले हालसम्म पनि विभिन्न प्रकारका लान्छनाहरु लगाउने, अपशव्दहरु प्रयोग

गर्ने, नराम्रो दृष्टिकोणले हिंसामा परेका महिलाहरुलाई हेर्ने जस्ता समस्याहरु भोग्दै आइ रहेका पाईयो ।

एकातिर नजिकको आफ्न्त जस्तै श्रीमान गुमाउनु परेको पिडा छ भने अर्को तर्फ महिला स्वयम पारिवारिक रुपमा पनि अपहेलित हुनु परेको साथै परिवारवाट पनि अनेक किसिमका मानसिक पिडाहरु दिइरहेको पाईयो । समाजले पनि पिडित महिलालाई नराम्रो दृष्टिकोणको हेर्नुका साथ साथै कुनै पनि कार्य गर्नमा सहयोग गर्नुको सट्टा असहयोग गर्ने , समाजमा यो महिला यस्ती किसिमकी हो भनि अझ वढी लान्छनाहरु लगाउने, समाजमा तिरस्कार गर्ने, अपहेलना गर्ने, सामाजिक कार्यहरुमा सहभागी हुनवाट वञ्चित गराउने जसले गर्दा महिलाहरु दिन प्रति दिन मानसिक तथा शारिरीक रुपमा विक्षिप्तीको अवस्थामा पुगेको देखियो।

### ४.६.१ सामाजिक प्रतिष्ठा

सामाजिक प्रतिष्ठामा आँच आउने डरले कतिपय पिडित महिलाहरुले आफु हिंसामा परेको कुराहरु समाजलाई वताउन नचाहेको कुरा पनि प्रष्ट हुन्छ किनकी नेपाली वा हाम्रो समाजले महिलालाई पुरुषको तुलनामा अति नै नकारात्मक रुपमा हेर्ने दृष्टिकोणले गर्दा पनि आफु पिडित भएको कुरा अरुले थाहा पाएमा समाजवाट साथै घर परिवारवाट समेत अपहेलित हुनु पर्दछ । आफुले पाइरहेको सामाजिक मान मर्यादा, प्रतिष्ठा पाउन सकिदैन भन्ने डरले गर्दा समाजमा आफु हिंसामा परेको कुरा लुकाउने वा भन्न नचाहेको पाईयो तर पनि आफु पिडित भएको कुराले भित्र भित्र आफुलाई खाइरहने वा मानसिक पिडा भैरहने त्यति बेलाको घटना मनमा आइरहने डर, त्रास, भयले गर्दा राती निन्द्रा नलाग्ने जस्ता कारणले मानसिक रोगी वन्न पुगेको समेत बताए । अनुसन्धानको क्रममा कतिपय पिडित महिलाहरुले आफ्नो नाम समेत वताउन नचाहेको कुराले पनि अझ प्रष्ट गर्दछ ।

### ४.६.२ परिवार तथा आफन्तसंगको सम्वन्ध

सशस्त्र द्वन्द्वको समयमा हिंसामा परेका महिलाहरुलाई कतिपय घर परिवार तथा आफन्तहरुले द्वन्द्वको समयमा भएको घटनालाई सहज रुपमा लिएका वा स्वीकार गरी द्वन्द्ववाट पिडित महिलालाई सामान्य रुपमा हेर्ने गरेको पाईयो भने कतिपय आफन्त तथा घर परिवारले पिडित महिलालाई झन पिडा वा हिंसा गरिरहेको पाइयो । यो आइमाई यस्ती चरित्रहीन हो भनि अन्य व्यक्तिहरुलाई चिनाउने, हेला गर्ने, समाजमा वेइज्जत गर्न समेत पछाडी नपर्ने, हरेक कुराहरुमा पिडित

महिलालाई वाहेक वनाउने, घर वा परिवारका अन्य सदस्यहरुवाट समेत टाढा राख्न खोज्ने, नराम्रो दृष्टिले हेर्ने गरेको पाइयो । जसले गर्दा पिडित महिला समाज घर परिवार आफन्त समेतवाट अपहेलित हुन पुगेका छन् । सशस्त्र द्वन्द्वमा सहभागी भएर पछि जीवनपन गर्न चाहने महिलाले विशेषत दुरव्यवहार र हिंसा वेहोर्न परेको देखिन्छ । आंशिक तथा पूर्व आश्वासनमा पर्नु र तत्अनुरुपको नतिजा नपाउनु पनि सामाजिक सम्वन्ध कमजोर हुनुको कारण बनेको छ । माओवादी पक्षको सुराक गरेको आरोपमा मानसिक तनावका साथै यातना पछि समाजले हेर्ने दृष्टिकोण बदलिएको छ । यसमा सरकार पक्षको निकायमा आवद्ध व्यक्ति रहने गरेको देखिन्छ ।

### ४.६.३ पिडितलाई समाजले हेर्ने दृष्टिकोण

द्वन्द्व पिडित महिलालाई यदि घर परिवार तथा आफन्तहरुले हिंसालाई सामान्य रुपमा लिएका वा द्वन्द्वको समयमा भएको घटना हो । यसमा तिम्रो केही  दोष छैन भनि सहज रुपमा लिएर उक्त घटनालाई द्वन्द्वको समयमा परियो यस्ता कुराहरुलाई विर्सनु पर्दछ भनि सामान्य रुपमा लिएको छ भने उक्त पिडित महिला माथि पनि समाजले कुनै पनि प्रकारका लान्छनाहरु नलगाएको र समाजले पनि राम्रो दृष्टिकोण राखेको पाईयो ।

जुन परिवारले हिंसामा परेका पिडित महिलालाई घर परिवारवाट तिरस्कार अपहेलना, वहिस्कार, घरेलु हिंसा असहयोग गर्ने गरेको अवस्थामा उक्त पिडित महिलालाई समाजले समेत तिरस्कार, अपहेलना गर्ने गरेको अनुसन्धानको क्रममा पाइयो । जसले गर्दा पिडित महिला अझ वढी पिडाका परेको देखिन्छ । सवै तिरवाट घृणा र असहयोगका कारणले गर्दा पिडित महिला वसेको स्थानवाट समेत विस्थापित भएको पाईयो भने कतिपय महिलाहरु द्वन्द्वमा श्रीमानको मृत्यु पछि सधैं भरि घर परिवारवाट अपहेलना सहनुभन्दा छुट्टी भिन्न भई आफ्ना वालवच्चा र आफु छुट्टै बसि संर्घष गरिरहेको प्रष्ट हुन्छ । एकातिर आफ्नै आखाँ अगाडि श्रीमानलाई अपहरण गरि हत्या गरिएको, त्यस पछि आफु यौन हिंसा पिडित भएकोमा घर परिवार तथा समाजले सहयोग गर्नुको सट्टा अझ वढी घाउमा नुन चुक छर्ने कार्य गर्दा पिडा माथि पिडा थपिएको कुरा स्पष्ट रुपमा देखियो ।

### ४.६.४ सामाजिक सहयोगको अवस्था

पिडित महिलाहरुलाई समाजले सहयोग गर्नु भन्दा पनि वढी पिडा दिने गरेको पाइयो । एकातिर परिवारमा श्रीमान, छोरा, छोरी गुमाउनु वा वेपत्ता पारिएको अवस्थामा रहेकोले दिन दिनै पिडा थपिदै गएको अवस्था छ भने अर्को तर्फ समाज तथा नजिकका आफन्तले सहयोग गर्नुको सट्टा विभिन्न प्रकारका लान्छनाहरु लगाउने गरेकाले देखियो । पिडित महिलाले आफु संर्घष गरेर वालवच्चा हुर्काउने गरेता पनि समाजले वा मानिसहरुले क कसलाई खुशी पारेर हो राम्रै कमाएकी वा वसेकी छ भन्दै कुरा काटेर दिक्क वनाउने गरेको । त्यस्तै विवाह गरेको केही वर्षमा नै पतिलाई वेपत्ता पारियो आफु द्वन्द्वका समयमा यौन हिंसाको शिकार भएको परिवारका सदस्यहरुवाट माया ममता पाउनुको सट्टा आफुलाई ससुराले यौन दुरव्यवहार गर्ने गरेको र समाजले सहयोग गर्नु भन्दा पनि उल्टै ससुरासंग सल्केकी भन्दै कुरा काटन थाले पछि पिडित महिला घर छोडी हाल शहरमा आई आयआर्जनको काममा सक्रिय भएको कुरा अनुसन्धानको क्रममा पाइयो ।यसरी आफुमाथि भएको अन्यायको विरुद्ध आवाज उठाउने विचार मनमा आए पनि समाजको अगाडी केही नलाग्ने द्वन्द्व पिडित महिलाहरु वताउछन् । आफ्नो कुनै गल्ती नभए पछि झुटको आरोप सहनुभन्दा वाहेक केही उपाय नलाग्ने वताउछन् । त्यसमा पनि एकल महिलाहरुलाई समाजमा टिकि खाने साह्रै गार्‍यो भएको र एकल महिला त्यसमा पनि यौन हिंसा पिडित महिलाहरुलाई जीवन जीउन ज्यादै कठोर भएको पाउन सकिन्छ । सवै भन्दा वढी घर परिवार र समाजले पिरोल्ने गरेको कुराहरु पिडित महिलाहरुवाट स्पष्ट थाहा पाउन सकिन्छ ।

# अध्याय- छ
# सारांश तथा निष्कर्ष

यस अध्याय यो शोधपत्रको अन्तिम अध्याय हो । त्यसैले यस अध्यायमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.१ अध्ययनको सारांश

यो अध्ययन अनुसन्धानसशस्त्र द्वन्द्वका क्रममा भएको महिला हिंसाको सामाजिक प्रभावको सम्वन्धमा गरिएको हो । बर्दिया जिल्ला वढी प्रभावित जिल्ला भएकोले अध्ययनका लागि छनौट गरिएको हो । यस अध्ययनका लागि सशस्त्र द्वन्द्वको समयमा महिला हिंसामा परेका ३१ जना हिंसावाट पिडित महिलाहरु छनौट गरि उनीहरुबाट नै अर्न्तवार्ता,अवलोकन विधिको माध्यम द्धारा तथ्यांक संकलन गरिएको हो । यस अध्ययन द्वन्द्व पिडितसंग सम्वन्धित भएको कारणले सशस्त्र द्वन्द्वकालमा महिलाहरुले कस्ता किसिमका हिंसा भोग्नु परेको थियो, कुन पक्षवाट बढी प्रभावित हुनु पर्‍यो र द्वन्द्वकालमा यौनजन्य हिंसाबाट प्रभावित महिलाहरुमा सामाजिक प्रभावहरु कस्तो रहेको छ भन्ने जानकारी लिइएको छ ।

एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा दशौं हजार मानिसहरुको मृत्यु हुन पुग्यो कतिपय व्यक्तिहरु अपहरण, वेपत्ता, विस्थापित, धनजनको क्षति, अगंभंग वा अपांग भएका थिए । ग्रामिण क्षेत्रमा खासगरि महिला, वुढावुढी, केटाकेटीहरुको उल्लेख्य मात्रामा वसोवास थियो भने युवा पुस्ता र घरका टाठावाठा मानिसहरु गाउँ छोडी शहर वा विदेश पलायन हुन वाध्य भएको पाइन्छ । जसले गर्दा महिलाहरुमा शारिरीक, आर्थिक र सामाजिक हिसावले कार्यवोझ वढी परेको थियो भने दिनहु जस्तो राज्य पक्ष र गैरराज्य (माओवादी) पक्षवाट दु :ख दिइरहने कहिले घरका सदस्य खोज्ने, कहिले जवरजस्ती खानाहरु खुवाउने पर्ने, आर्थिक सहयोग (चन्दा) गर्नु पर्ने यदि सहयोग नगरेको अवस्थामा दुरव्यवहार गर्ने, गालीगलौज, शारिरीक शोषण, वलात्कार गर्ने, त सुराकी होस र तेरो परिवार सुराकी हो भनि वेला वेलामा राज्य पक्ष, गैर तथा  राज्य (माओपादी) पक्षवाट घरमा पनि छापा मार्ने जस्ता कार्यहरुले दिनहुँ जस्तो पिडित हुनु परेको साथै द्वन्द्वरत दुवै पक्षवाट दोहोरो मारमा परेको पाइन्छ ।

द्वन्द्वको समयमा राज्य तथा गैर राज्य (माओवादी) पक्ष वा दुवै पक्षहरुबाट महिलाहरु पिडित हुन पुगेका थिए । कतिपय महिलाहरुलाई श्रीमान कै अगाडि यौन शोषण गरिएको थियो भने श्रीमानलाई अपहरण गरि मृत्यु वा वेपत्ता पारिएको अनुसन्धानको कममा देखिन्छ । वयस्क छोराछोरी दुवै पक्षका लागि तारो वनेका थिए । जसले गर्दा महिलाहरु शरीरको प्रवाह नगरि जति नै पिडा सहनु परेता पनि सहेर वसेको पाइन्छ । माओवादी जनयुद्धमा लागेकाहरुलाई  राज्य पक्षले दुःख दिइ रहने गर्दथे भने राष्ट्र सेवक कर्मचारी, सैनिक, प्रहरी जवानका परिवारहरुलाई माओवादी पक्षले बढी दुःख दिने गरेका थिए । कतिपय महिलाहरुलाई जवरजस्ती युद्धमा होमिएको थियो । कुनै एक पक्षको कार्यक्रम गर्दा नगएमा यो हाम्रो विरुद्धमा लाग्ने मानिसहरु हुन हामीले गरेका कार्यक्रमहरुलाई समर्थन नगर्ने र सहभागि पनि हुन चहादैनन् भन्ने जस्ता आरोप लगाउने हुनाले पनि जवरजस्ती सहभागि हुनु पर्ने वाध्यताहरु थिए ।  यसरी यस्ता कार्यक्रमहरुमा सहभागि भएकोमा अर्को पक्षको तारो वन्नु पर्ने जसले गर्दा महिलाहरुले दिन प्रति दिन सशस्त्र द्वन्द्ववाट पिडित भइ रहने समस्याहरु रहेको पाइन्छ ।

जसका कारण पीडित महिलाहरुको सामाजिक प्रतिष्ठामा नकारात्मक असर पर्नुका साथै साथी आफन्तजनको सहयोग र समर्थनमा कमि भएको छ । बिशेषतः यौन हिंसावाट पीडित महिलाहरु समाजमा पूर्नस्थापित हुन अझै नसकेको र केही हदसम्म पूर्नस्थापितहरु पनि मानसिक रुपमा पूर्णत सुरक्षित हुन नसकेको देखिन्छ । सामाजिक, आर्थिक अवस्था सुदृण हुन नसक्नु पनि महिलाहरुको लागि ठूलो चुनौति बन्दै गएको छ । समाजवाट वा सरकारी, गैरसरकारी निकायवाट पाउने सेवा सुविधामा पनि पहुँच निकै कम भएको देखिन्छ ।

## ६.२ अध्ययनको निष्कर्ष

नेपाली समाज विभिन्न कालखण्डमा विभिन्न स्वरुपमा परिवर्तन हुदै वर्तमान समयमा आइपुगेको छ । निश्चित समय र स्थान अनुसार परिवर्तन, पुनपरिवर्तन हुंदैजान्छ। अर्थात परिवर्तन आफैमा स्थिर नभएर गतिशील हुन्छ । तसर्थ सम्पूर्ण सामाजिक, साँस्कृतिक, राजनैतिक, आर्थिक व्यवस्थाहरु पनिपरिवर्तनशील छन् ।नेपालीसामाजिक र राजनैतिक व्यवस्थामा पनि परिवर्तन हुँदै आएको छ । जस्तै, वि.सं. २००७ सालमा भएको आन्दोलनले राणाशासन हटाएर प्रजातन्त्रिक व्यवस्थाको स्थापना गऱ्यो । तत्कालीन समयका नेपाली समाज र जनताले ठूलो रुपान्तरण प्राप्त गरे तर त्यो परिवर्तन वा रुपान्तरण स्थीर रहेन, पुनः त्यसमा परिवर्तन भई २०१७ सालमा निर्दलीय व्यवस्थाको स्थापना भयो । २०४७ सालमा जनआन्दोलनमार्फत प्रजातन्त्रको पुनःप्राप्ती भएको थियो भने २०५२

सालदेखि शुरुभएको जनयुद्ध तथा २०६२/०६३ सालको जनआन्दोलन ले गणतन्त्र स्थापना गरेको हो ।(माओवादी

एक दशक लामोसशस्त्र जनआन्दोलनको समयमा दशौं हजार मानिसहरुको मृत्यु हुन पुग्यो कतिपय व्यक्तिहरु अपहरण, वेपत्ता, विस्थापित, धनजनको क्षति, अगंभंग वा अपांग भएका थिए ।द्वन्द्वको समयमायुवा पुस्ता र गाउँका टाठावाठा मानिसहरु गाउँ छोडी शहर वा विदेश पलायन हुर्दा गाउँ घरमा महिला, वुढावुढी, केटाकेटीहरुको बढी मात्रामा वसोवास थियो । जसमा महिलाहरु बढी प्रभावित भएको पाइन्छ । द्वन्द्वको समयमा महिलाहरुले कुटपिट, शारिरीक शोषण,यौन दुरव्यवहार, बलत्कार जस्ता हिंसाहरु भोग्नु परेको साथै आफन्तको मृत्यु भएको, वेपत्ता पारिएको, अपहरण गरिएको, थातथलोवाट विस्थापित भएका, सम्पति नष्ट गरिएको, अंगभंग तथा अपांग वनाइएका जस्ता घटनाहरु देखिन्छ । महिलाहरु गैर राज्य (माओवादी) पक्ष र राज्य पक्ष  दुवै पक्षवाट हिंसामा परेको पाइन्छ ।

यस अध्ययनले पनि सशस्त्र द्वन्दका क्रममा महिलाहरुले भोग्नु परेको हिंसात्यसवाट परेको सामाजिक प्रभाव विषयका वारेमा उल्लेख गरेको छ । जसमा यौन हिंसा पिडित महिलाहरु सशस्त्र द्वन्द्व पछिको अवस्थामा समेत डरत्रास तथा नकारात्मक प्रभावहरु भोगि रहेका कुरा प्रष्ट हुन आउछ ।अझै पनि उनिहरुलाई समाजले नराम्रो दृष्टिकोणको हेर्ने गरेको, विभिन्न लान्छनाहरु लगाउने, समाजमा तिरस्कार गर्ने, अपहेलना गर्ने, सामाजिक कार्यहरुमा सहभागी हुनवाट वञ्चित गराउने गरेको जसले गर्दा महिलाहरु दिन प्रति दिन मानसिक तथा शारिरीक रुपमा विक्षिप्तीको अवस्थामा पुगेको देखिन्छ । सामाजिक प्रतिष्ठामा आँच आउने डरले अझै पनि कतिपय पिडित महिलाहरुले आफु हिंसामा परेको कुराहरु समाजलाई वताउन नसकेको कुरा समेत खुल्न आएको छ ।यस कारण  पिडित महिला अझ वढी पिडामा परिरहेको देखिन्छ ।

**सन्दर्भ सामाग्री**


नेपाल सरकार, शान्ति तथा पूननिमार्ण मन्त्रालय, २०६७ राष्ट्रिय कार्ययोजना ।

नेपाल सरकार, प्र.म.तथा म.प.कार्यालय (२०६९ भाद्र) ,लैगिंक हिंसा सम्वन्धी कार्ययोजना २०1० को कार्यान्वयन स्थिति अनुगमन प्रतिवेदन,

नेपाल सरकार, शान्ति तथा पुननिर्माण मन्त्रालय, (माघ १८, २०६७) संयुक्त राष्ट सघं, सुरक्षा परिषदवाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना ।

नेपाल सरकार, प्र.म.तथा म.प.कार्यालय, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/०७०-२०७३/०७४) ।

नारी मासिक पत्रिका १६ मार्च २०१५ ।

शान्ति (२०६९) बर्ष ३, अंक ३,काठमांडौ,शान्ति तथा पुननिर्माण मन्त्रालय ।

अर्याल, भोजेन्द्र (२०६८). लैङ्गिक तथा महिलावादी अध्ययन, काठमाण्डौं, ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६९). लैङ्गिक तथा महिलावादि अध्ययन, काठमाडौ, नेशनल बुक सेन्टर ।

मिश्र,चैतन्य (२००५). माओवादी संघर्षका कारणहरुको निरुपण,फाइन प्रिन्ट (नेपाली समाज र संस्कृतिका उपागमनहरु, ज्ञानकुञ्ज प्रकाशन काठमाण्डौ) ।

मिश्र,चैतन्य(२००९). कुन इतिहास कुन माक्सवाद कुन कान्ती, रातो झिल्को (नेपाली समाज र संस्कृतिका उपागमनहरु,ज्ञानकुञ्ज प्रकाशनकाठमाण्डौ) ।

नेपाल सरकार (२०६६). *घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६,*नेपाल कानून आयोग ।

मधेशवाणी साप्ताहिक, रोशन कुमार झा,महिला हिंसा सम्वन्धि समस्या एंव समाधान र राष्ट्रिय, अन्तराष्ट्रिय कानून www.madeshvani.com/detials/9977.

United Nations childrens Fund (2000) **.** *Domestic violence against women and Girls.* http://www.unicef-irc.org/publications/pdf/dige st6e.pdf .

Bhandari,Ganga Laxmi (2005). The Rhetoric and Reality of Gender Equality.A master's degree thesis in sociology, Tribhuban University .

HimRights (2012),Sexual violence assessment in 7 districts.

HRDEC, (may 2007), Priority area for addvessing sexual and Gender based Violence in Nepal.

The Asia Foundation (2010),Nepal Preliminary mapping of Gender based Violince .

World Health Organization, (2005)Multi-Country study on women's health and domestic violence against women .

Ministry of Health and Population (2011) . *Nepal Demographic Health Survey,kathmandu*

http:www.mohp.gov..np/english/publication/NDHS%20%202011%20Preliminary%20Report.pdf.

Law Commission (2013)http://www.lawcommission.gov.np/en/documents/prevailing-laws/prevailing-acts/func-startdown/114/ 20.

WOREC (2014). *Anbeshi Year Book.*http://www.worecnepal.org/news/launch-anbeshi-year-book-2013-marking-begining-16-days-activism-against-vaw.

Bennet, L. (1983). *Dangerous Wives and Sacred Sisters: Social and Symbolic Roles of High-Caste Women in Nepal.* New York, Colombia University Press.

Kamala Bhasin (1993). *What is Patriarchy?* New Delhi. Kali for women.

Central Bureau of Statistics (2068). *Population census***.** Government of Nepal. Government of Nepal

SAATHI (1997). *A Situtional Analysis of Violence Against Women and Girls in Nepal.* SAATHI.

*Nepal law Comission (2072) , The constitution of Nepal*

## परिशिष्ट १

## अन्तरवार्ता सूची

**सशस्त्र द्वन्द्ववाट प्रभावित महिलाहरुको अवस्था** : एक समाजशास्त्रीय अध्ययन समाजशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक अवश्यकताका लागि गर्न थालिएको शोधपत्रका लागि तयार गरिएको प्रश्नावली

**व्यक्तिगत विवरण**

उत्तरदाताको नाम :

जन्म साल :
जात :
जिल्ला :
गाउ/नगर/वडा :

१. तपाईको परिवारमा कति जना हुनुहुन्छ ? .............................

२. तपाईको परिवार कस्तो किसिमको हो ? क) एकल परिवार ख) संयुक्त परिवार

३. तपाई के काम गर्नु हुन्छ ? क) कृषि ख) व्यापार ग) ज्याला मजदुरी घ) सरकारी सेवा

४. तपाईको विवाह भएको छ कि छैन ? क) छ ख) छैन

५. यदि भएको छ भने कुन सालमा विवाह गर्नु भएको थियो ?
..........................................................

६. तपाईले पढन लेख्न जान्नु भएको छ कि छैन ? क) साक्षर ख) निरक्षर

७. यदि नपढ्नु भएको भए नपढनुको कारण के होला ?

..................................................

........................................................

---

८. नेपालमा भएको सशस्त्र द्वन्द्वको समयमा तपाई कहाँ हुनुहुन्थ्यो ?

क) ग्रामिण क्षेत्र ख) शहरी क्षेत्र ग) दुवैतिर

९. के तपाई सशस्त्र द्वन्द्ववाट प्रभावित हुनु भयो ? क) भए ख) भएन

१०. यदि हुनु भयो भने तपाई कुन पक्षवाट प्रभावित हुनु भयो ?

क) राज्य पक्ष ख) गैर राज्य पक्ष ( सशस्त्र विद्रोही पक्ष ) ग) दुवै पक्षवाट

११. तपाई कस्तो प्रकारको सशस्त्र द्वन्द्व प्रभावित व्यक्ति हुनुहुन्छ ?

क) परिवारभित्र कसैको मृत्यु :

अ) मृत्यु भएको छ भने कस्को

आ) कहिले

इ) कुन पक्षवाट

ख) परिवारको सदस्य वेपत्ता हुनु भएको छ छैन् ?

अ) यदि छ भने को

आ) कहिले

इ) कहाँ

ई) कुन पक्षवाट

ग) तपाईको परिवारमा द्वन्द्वको समय कसैको अपहरण भयो वा भएन

अ) यदि भएको भए कस्को

आ) कहिले

इ) कहाँवाट

ई) कुन पक्षवाट

घ) सम्पतिको क्षति

अ) कुन प्रकारको ( चल अचल सम्पति )

आ) कति क्षति ( अनुमान................................)

ङ) आन्तरिक रुपमा विस्थापित

अ) द्वन्द्वकालको समयमा मात्र

आ) सधैका लागि

च) घाइते, अपाङ

अ) कस्तो प्रकारको

…………………………………

१२. तपाइले द्वन्द्वको समयमा यौनजन्य हिंसा भोग्नु पर्‍यो ? क) पर्‍यो ख) परेन्

१३. यदि परेको भए कस्तो किसिमको ?

………………………………………………………………………………
…………………………………………………………………………………
…………………………………………………………………………………

(क) कुटपिट ख) यौन दुरव्यवाहार ग) शारीरिक शोषण

घ) वलात्कार अ) व्यक्तिगत आ) सामूहिक रुपमा

१४.यदि वलात्कार भएको भए कुन पक्षवाट ?अ) राज्य पक्षवाट आ) माओवादी पक्षवाट इ) दुवै पक्षवाट

१५. तपाई एक व्यक्तिवाट कि सामूहिक रुपमा वलात्कारको शिकार हुनु पर्‍यो ?

क) व्यक्तिगत ख) सामूहिक

१६. आफु पीडित भएको कुरा अरुसंग भन्नु भयो त ? क) भने ख) भनिन्

१७) कसलाई भन्नु भयो त ? क) परिवार ख) साथी ग) नातेदार घ) छिमेकी ङ) अन्य

१८. तपाई प्रति भएको यौन हिंसा सम्वन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भयो त ?

क) छ ख) छैन

१९. यदि छैन भने किन ? क) आफ्नो इज्जत जाने डर ख) समाजवाट निकालिने डर

ग) घरवाट निकालिने डर घ) अन्य

२०. तपाईले उपचार पाउनु भयो ? क) पाए ख) पाइन्

२१. यदि उपचार पाउनु भएको भए सवै भन्दा पहिला तपाईलाई कसले सहयोग गर्‍यो ?

क) परिवार ख) साथी ग) नातेदार घ) छिमेकी ङ) माओवादी च) राज्य पक्ष छ) अन्य.....

२२. तपाईको उपचार कुन स्वास्थ्य संस्थामा गरियो ?

क) सामुदायिक हेल्थपोष्ट ख) घरेलु उपचार ग) जिल्ला अस्पताल घ) राष्ट्रिय स्तरको अस्पताल ङ) नीजि अस्पताल च) अन्य…………

२३) सवै भन्दा पहिला तपाई न्यायको लागि कहाँ जानु भयो ? क) गाउ कमिटि ख) वडा कार्यालय ग) गा.वि.स. घ) नगरपालिका ङ) प्रहरी प्रशासन च) जि.प्र.का. छ) जनअदालत ( माओवादी )

२४) तपाइले अपेक्षा गरे अनुसार पीडकले सजाय पायो वा पाएन ?

२५. यसवाट तपाई सन्तुष्ट हुनुहुन्छ ? क) छ ख) छैन्

२६) पीडकलाई तपाई चिन्नु हुन्छ ? क) चिन्छु ख) चिन्दिन्

२७) अहिले पीडक कहा छ भन्ने तपाईलाई थाहा छ ? क) छ ख) छैन्

२८ ऊ वाट तपाईलाई अहिले डर त्रास छ कि छैन् क) छ ख) छैन्

२९. सशस्त्र द्वन्द्वकालमा यौन हिंसा पिडित भए पछि तपाईले कस्ता किसिमका सामाजिक व्यवहार भोग्नु परेको छ ?

क) घरवाट निकाला ख) समाजवाट तिरस्कार ग) अपहेलना घ) सहानुभुति

ङ) अन्य

३०.यौन हिंसाका कारण दीर्घकालमा तपाईलाई कुनै किसिमको असरहरु देखा परेको छ वा छैन?
क) छ ख) छैन्
३१. यदि परेको भए कस्तो किसिमका असरहरु देखा परेको छ ?
.....................................................................................
.................................................................................................
..................................................................................................

३२. यौन हिंसाको घटना पछि समुदायमा पुनस्थापित हुन तपाईलाई कुनै कठिनाई पर्‍यो वा परेन ? क) पर्‍यो ख) परेन्
३३. यदि परेको भए कस्ता किसिमका कठिनाईहरु पर्‍यो
..........................................................................................
................................................................................................
...................................................................................................
३४. यौन हिंसाका घटनाहरुमा आत्मसम्मान, चोट वा लाज अभिन्न अंग वन्ने गरेको तथ्य सत्य हो ?
क) हो ख) होइन